मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यही हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक ७९ ● २०८० साल माघ २२ गते सोमबार ● Monday 05, February 2024 ● सूर्योदय: बिहान ६:५९ बजे ● सूर्यास्त: साँझ ५:४९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मदिरा र सूर्तीजन्य पदार्थमा रोक





**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले धार्मिकस्थल र शिक्षण संस्था आसपास मदिरा र सूर्तीजन्य पदार्थ बिक्रीवितरणमा रोक लगाएको छ । वीरगंज महानगरपालिकाको बजार व्यवस्थापन तथा अनुगमन समितिले महानगरका मठमन्दिर, मस्जिद, विद्यालय र क्याम्पस भवन तथा जग्गामा मदिरा र सूर्तीजन्य पदार्थ बिक्रीवितरणमा रोक लगाएको हो । वीरगंज महानगरका उपप्रमुख तथा समिति संयोजक इम्तियाज आलमको अध्यक्षतामा बसेको बैठकले धार्मिकस्थल र शिक्षण संस्थाका भवन र जग्गामा मदिरा तथा सूर्तीजन्य पदार्थ बिक्रीवितरण र कारोबारमा रोक लगाउने निर्णय गरेको महानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले जानकारी दिए ।

बैठकमा स्वास्थ्य ऐनअनुसार मठमन्दिर र शिक्षालय वरिपरि पाँच सय मिटर क्षेत्रमा मदिरा र सूर्तीजन्य पदार्थ बेच्न नपाइने विषयमा छलफल भए पनि हाललाई विद्यालय, क्याम्पस तथा मठमन्दिर, मस्जिद जस्ता धार्मिकस्थलका भवन र जग्गामा कडाई गरिएको भट्टराईले बताए । बैठकले महानगरका सहकारी अनुगमन प्रभावकारी बनाउने, अनुगमनक्रममा दिइएको निर्देशन पालन भए नभएबारे बुझ्ने, निष्क्रिय सहकारी खारेजी प्रक्रियामा लैजाने र विद्यालय अनुगमन गर्ने निर्णय गरेको छ । बैठकमा महानगरका प्रमुख प्रशासकीय अधिकृत भट्टराई, खाद्य अनुसन्धान अधिकृत बिपिन कुमार दास, वडा प्रहरी कार्यालय विर्ताका प्रहरी निरीक्षक पुष्कर बोगटी, उपभोक्ता मञ्चका अजित भुजेललगायतको सहभागिता थियो ।

## 'संघीयता कार्यान्वयनमा जनसहभागिता जोडौँ'



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रले संघीयता सहिदहरुको त्याग र बलिदानीबाट आएको कारणल कसैले चाहेर पनि खोस्न नसक्ने बताएका छन् । मधेश प्रदेश सभाको छैठौँ वार्षिकोत्सवमा मिश्रले मधेश प्रदेश संघीयताको जननी भएका कारणले कसैको चाहनामा संघीयता हरण नहुने दोहोर्याए । उनले संघीयता शासनको सर्वोच्च विकल्प भएकाले कसैले खोस्न नसक्ने बताए ।

उनले संघीयता जोगाउने दायित्वसमेत मधेशको रहेको बताउँदै संघीयताका लागि धेरै जनताले बलिदानी दिएकाले बलिदानी पूरा गर्ने दायित्व पूरा गर्नु पर्ने बताए । मिश्रले भने, 'सबैको साथ सहयोगबाट नै विकास सम्भव छ, विकास भए संघीयताप्रति जनताको भरोसा जाग्छ, जनताको भरोसा भए कुनै पनि हालतमा संघीयता जान सक्दैन ।'

मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले एक वर्षमा सरकारले अपेक्षाकृत राम्रो काम गर्न नसकेको बताए । उनले सरकार गठन भएको एक वर्ष बितिसक्दा चार वटा निर्वाचन भएको कारण दलहरुका नेता यसमै खटिएकाले समस्या आएको बताए । यादवले अहिले विगतको जस्तो बजेट बिक्री भएको सुन्न नपायएकोमा खुसी लागेको बताउँदै जनतामा जाने बजेटमा जनताले नै निगरानी गर्नुपर्ने बताए । यादवले प्रदेश सरकारका योजना र बजेटमा कुनै पनि बदमासी भएको पाइए कडा कारबाही गरिने बताए । उनले प्रधानमन्त्री पुष्पकमल दाहाल संघीयतालाई बलियो बनाउन लागिपरेको आफूले अनुभूति गरेको बताए । उनले भने, 'प्रधानमन्त्रीजी संघीयता बलियो बनाउन निकै गम्भीर देखिनु भएको छ, आशा गरौँ,छिट्टै प्रदेशले पाउने अधिकार आउने छ, सबल संघीयता निर्माण हुनेछ ।'

मुख्ममयन्त्री यादवले केही विधेयक प्रदेश सभाको समितिमा रहेको र केही तयारी अवस्थामा रहेकाले आउने मन्त्रिपरिषद्बाट पारित गरेर प्रदेशसभामा पठाइने जानकारी दिए । उनले समितिमा रहेको विधेयक अविलम्ब पारित गर्नसमेत आग्रह गरे ।

मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले संघीयता स्वायत्तताको अनभूति भएको बताउँदै सबैले जनतालाई संघीयताको अनुभूति दिलाउनुपर्ने आवश्यकता रहेको बताए । उनले संघीयतामा जनताले स्वशासनको अनुभूति गर्नु पर्ने बताए । 'विना स्वशासन संघीयताको औचित्यसमेत रहन्न,' उनले भने ।

### प्रदेश सभाको ६ वर्ष

मधेश प्रदेशको प्रदेश सभाले ६ वर्ष पूरा गरेको छ । स्थापनाकालदेखि २ सय ७५ बैठक बस्दा कुल ३ सय ८६ घण्टा ३१ मिनेट ५६ सेकेन्ड बैठक चलेको प्रदेशसभा सचिवालयले जनाएको छ । पहिलो कार्यकाल २०७४ माघ २१ गते पहिलो बैठक बसेको प्रदेशसभाको २०७९ असार ३२ गतेसम्म ९ अधिवेशनमा २ सय २८ बैठक बसेको थियो । दोस्रो कार्यकालमा २ वटा अधिवेशनमा ४७ बैठक बसेको प्रदेशसभा सचिवालयले जनाएको छ । पहिलो कार्यकालमा प्रदेश सभाको ९ वटा अधिवेशनमा २ सय २८ बैठक बस्दा ३ सय ११ घण्टा १८ मिनेट ५६ सेकेन्ड प्रदेशसभा सञ्चालन भएको थियो । दोस्रो कार्यकालको पहिलो वर्षमा भने प्रदेशसभाको २ वटा अधिवेशनमा ४७ वटा बैठक बस्दा ७५ घण्टा ३१ मिनेट बैठक चलेको प्रदेशसभा सचिवालयले जनाएको छ ।

यस्तै, मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री एवम् नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले मधेश प्रदेश विना प्राकृतिक स्रोतसाधनको प्रदेश भएकाले काम गर्न चुनौती रहेको बताए । उनले संघीयता कार्यान्वयन गराउने र जनताका आकांक्षा पूरा गराउने दायित्वमा चुनौती रहेको बताए । उनले जनताका अपेक्षा पुरा गराउन नसकिए असफलता आइलाग्ने बताए ।

नेकपा एमाले संसदीय दलका उपनेता दीपेन्द्र ठाकुरले सरकारले अधिकार पाइएन भनेर अधिकार नदिनेकै गबठनधनमा समेत बसेर दोहारो चरित्र देखाइरहेको बताए । उनले यस्ता दललाई जनताले तह लगाउने चेतावनी दिए । उनले आफूहरुले अधिकार दिन नरोकेको बताउदै संघीय सरकारको गबठन्धनमा समेत प्रदेशमा रहेको गठबन्धन दल नै रहेकाले उनीहरुले नै अधिकार विनियोजन गर्न नचाहेको र संघीयता सबल नहोस भन्न देखाउन खोजेको बताए ।

मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्दबहादुर न्यौपानेले सीमित साधनस्रोत परिचालित गरेर भए पनि जनताका अपेक्षा पूरा गर्न महत्वपूर्ण काम गरिएको जिकिर गरे । उनले सरकार गठन भएको एक वर्षमा आफूहरुले जनता निरासा बनाउने कुनै कार्य नगरेको बताउँदै बरु सरकारको कामबाट जनतामा संघीयताप्रति आशा र भरोसा थपिएको बताए ।

माओवादी केन्द्रका प्रदेश सभा सदस्य मालाकुमारी कर्णले सरकारले सुशासनयुक्त काम गर्न आवश्यक रहेको बताइन् ।

लोकतान्त्रिक समाजवादी पार्टीका प्रदेश सभा सदस्य उपेन्द्र महतोले संघीयता बलियो बनाउने दायित्व मधेश प्रदेशका सबै प्रदेश सभा सदस्यको काँधमा रहेको बताए । उनले सबैले जनतालाई अनुभूति हुने गरी सेवा दिन सकिए संघीयता आफैँ बलियो बन्ने बताए ।

**ठाकुर र साह उत्कृष्ट**
मधेश प्रदेश सभाले छैठौँ वाषिकोत्सवमा प्रदान गर्दै आएको उत्कृष्ट प्रदेश सभा सदस्य र कर्मचारीको नाम घोषणा गरेर पुरस्कृत गरेको छ । प्रदेश सभा सदस्य दीपेन्द्र ठाकुर उत्कृष्ट प्रदेश सभा सदस्य भएका छन् भने कर्मचारीतर्फ जानकारी प्रसाद साह उत्कृष्ट भएका छन् । दुवैलाई प्रदेश प्रमुख हरिशंकर साहले प्रमाण पत्र र दोसल्ला ओढाएर सम्मान गरे ।

## जोगिएलान् विनोद चौधरी ?





**मधेशदृष्टि**
**वीरगंज ।**
प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले पक्राउ परेका उद्योगी अरुण चौधरीबारे अनुसन्धान जारी राखेको छ । प्रहरीले लामो समय लगाएर अनुसन्धान गरेपछि चौधरीलाई पक्राउ गरेको हो । तर यसपछि सत्ता गठबन्धनमै हलचल आएको छ । कार्यकारी प्रमुख प्रधानमन्त्रीदेखि राष्ट्रप्रमुख राष्ट्रपतिसहित सत्ता गठबन्धनमै हंगामा भइरहेको छ । चौधरी समातिएपछि स्वयम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड असिनपसिन भएका छन् । 'सरकारलाई काम गर्न दिइएन' भन्ने आवाज सुनिन थालेको छ ।

काठमाडौँ, बाँसबारीको १० रोपनी जग्गा कब्जा गरेको आरोपमा चौधरी सिआइबी नियन्त्रणमा ग्रान्डी अस्पतालमा छन् । बाँसबारी छाला जुत्ता कारखानाका तत्कालीन अध्यक्ष अजित नारायण सिंह पनि समातिएका छन् । माघ १८ गते पक्राउ परेका उनीहरु दुवै हिरासत छल्न अस्पतालमा छन् । उनीहरूलाई शुक्रबार जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँ ल्याएर बयान गराइएको थियो चौधरीसँग १० घण्टा बयान लिइएको थियो ।

बयानक्रममा चौधरीले जग्गा फिर्ता गर्न तयार रहेको बताएपछि यसको लहरो तान्दा अब पहरो धेरै नथर्कने अनुमान गर्न थालिएको छ । बाँसबारी छाला जुत्ता कारखानाको कम्पाउन्डमा सरकारसँग साझेदारीमा च्याम्पियन फुटवेयर कम्पनी स्थापना गरेर चौधरी समूहले जग्गा निजीकरण गरेको केन्द्रीय अनुसन्धान ब्युरोको अनुसन्धान निष्कर्षमा देखिएको छ । जग्गामा चौधरी समूहले चाँदबाग स्कुल पनि सञ्चालन गरेको थियो । च्याम्पियन फुटवेयर बन्द छ । चौधरी, थापा र सिजी चाँदबाग रेसिडेन्सी प्रालिका अध्यक्ष सञ्जय ठाकुर थुनामा छन् ।

प्रारम्भिक अनुसन्धानमा चौधरी समूह जग्गा फिर्ता गर्न राजी भएपछि सिआइबी प्रतिवेदन बुझाउने तयारीमा छ भने सरकार चैँ चरम राजनीतिक दबाबमा धकेलिएको छ । भाइ पक्राउ परेपछि शेयर सदस्य तथा नेपाली कांग्रेस केन्द्रीय सदस्य एवम् सांसद विनोद चौधरीको दौडधूप बढ्दा उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठसँगै स्वयम् प्रधानमन्त्री पुष्पकमल दाहाल पनि तनावमा परेका हुन् । चौधरीले बिहीबार साँझ नै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भेट्न पुगेका थिए भने नेपाली कांग्रेस सभापति शेरबहादुर देउवाले पनि प्रधानमन्त्रीसँग र राष्ट्रपतिसँग भेट गरेका थिए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई समेत ब्रिफिङपछि सिआइबीले पक्राउ गर्न 'ग्रिनसिग्नल' पाएको थियो तर पक्राउपछि नेपाली कांग्रेसका अलावा उद्योगी, व्यवसायीबाट प्रधानमन्त्रीमाथि दबाब परेपछि उनलाई असहज भएको हो ।

### के थियो काण्ड

३७ वर्षअघि विनोद चौधरीले खोलेको च्याम्पियन फुटवेयर, त्यसपछि चाँदबाग रेसिडेन्सी र अहिले सञ्चालित चाँदबाग स्कुलको स्वामित्वको कागजमा अरुण चौधरीको नाम छ । स्रोतका अनुसार, यसको आम्दानी भने एक्लौटी विनोद चौधरीको हो । तर प्रहरीले हिरासतमा भने चोधरीको कान्छो भाइलाई लिएपछि यस प्रकरणमा चौधरी पनि तानिने सम्भावना रहेको बताइएको थियो ।

कागजमा अरुण, भोगचलन र सारा अह्लनखटनमा विनोद चौधरीको भूमिका रहेको पाइएपछि अरुणलाई समात्ने र बयानका आधारमा थप कारबाही अघि बढाउने सरकारको तयारी थियो । तर बयानक्रममा चौधरीले जग्गा फिर्ता दिने भनेपछि विनोद चौधरी लगभग चोखिएको अनुमान गरिएको छ । पार्टी सभापति देउवापत्नी आरजु निकट विनोद चौधरीले आफू जोगिन गरेको दौडधूपले पनि प्रधानमन्त्री दबाबमा पर्ने नै भए ।

चौधरी समातिँदा देउवाले प्रधानमन्त्री प्रचण्डसँग बिहीबार अपरान्ह ४ बजे बालुवाटारमा भेट गरेर सोझै शीतल निवास पुगे । सवा ५ बजे राष्ट्रपति भेटेर देउवा करिब साँझ पौने ६ बजे निस्किएका थिए । सिजी होल्डिङ्स देशकै ठूलो औद्योगिक–व्यापारिक घराना चौधरी ग्रुपको हो ।

### प्रतिशोध मात्रै भए फिर्ता गरिन्छ जग्गा ?

सरकारले प्रतिशोध साँध्न खोजेको भन्दै विनोद चौधरीले बढाएको दौडधूपले राजनीतिक दबाब परे पनि उनको जवाफ भने झुटो रहेको पाइएको छ । महालेखा परीक्षकको २५ वर्षअघिको प्रतिवेदनमा बाँसबारीको १० रोपनी सरकारी जग्गा २०४३ सालमा चौधरी परिवारको स्वामित्वमा रहेको च्याम्पियन फुटवेयर लिमिटेडलाई नामसारी गरिदिने र त्यसबापत फुटवेयरमा बाँसबारी छाला तथा जुत्ता कारखानाको २५ प्रतिशत शेयर कायम रहने निर्णय कारखाना सञ्चालक समितिले गरेको उल्लेख छ । २०४४ सालमा

बाँकी पृष्ठ २ मा

# ‘राजतन्त्रका कुरा गर्नेले जनतालाई भ्रममा पारे’

**रासस**
**ताप्लेजुङ ।**
नेकपा (एमाले)का नेता योगेशकुमार भट्टराईले पछिल्लो समय केही शक्ति वर्तमान राज्य व्यवस्थाविरुद्ध खुलेर लाग्न थालेको बताएका छन् । उनले इतिहासमा सीमित भएको राजतन्त्र फर्काउने कुराले जनतामा भ्रम सृजना भइरहेको र यो वर्तमान व्यवस्थाविरुद्ध भएको बताए । प्रेस चौतरी नेपालले आफ्नो स्थापना दिवसका अवसरमा आइतबार आयोजना गरेको एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले वर्तमान राज्य व्यवस्था जनआन्दोलनको बलमा स्थापित भएकाले पुनरुत्थान गर्ने विचार दिवास्वप्नबाहेक केही नभएको र यसले कुनै नतिजा नदिने बताए । उनले कुनै पनि विकासक्रम वा राज्य व्यवस्था पछाडि फर्किन नसक्ने उल्लेख गर्दै इतिहासमा सीमित भइसकेको राजतन्त्रको वर्तमान र भविष्य नभएको स्पष्ट पारे ।
प्रतिनिधिसभा सदस्यसमेत रहेका नेता भट्टराईले राजतन्त्रको इतिहासलाई हेर्दा नेपालको एकीकरणमा राजा पृथ्वीनारायण शाहको ऐतिहासिक भूमिकाबाहेक राजतन्त्रको अरू कुनै सान्दर्भिकता नरहेको टिप्पणीसमेत गरे । यसैबीच प्रेस चौतारी नेपालले आफ्नो संस्थाको स्थापना दिवसका अवसरमा पत्रकारिता क्षेत्रमा क्रियाशील रहेका तीन पत्रकारलाई पुरस्कारसहित सम्मान गरेको छ । पुरस्कृत एवं सम्मानित हुनेमा नेपाल पत्रकार महासङ्घका पूर्वजिल्ला अध्यक्ष केशव भट्टराई, पूर्वसचिव रविन भट्टराई र वर्तमान उपाध्यक्ष गंगा लिङ्गीम रहेका छन् ।
तीनै पत्रकारलाई १० हजार एक सय पाँच रुपैयाँसहित सम्मानपत्र वितरण गरिएको प्रेस चौतारीका जिल्ला अध्यक्ष वसन्त पालुङ्वाले जानकारी दिए । प्रेस चौतारी नेपालले हरेक वर्ष स्थापना दिवसका अवसरमा तीनजना पत्रकारलाई छनौट गरी प्रेस चौतारी नेपाल पत्रकारिता पुरस्कार, जयमती कर्णबहादुर पत्रकारिता पुरस्कार र अग्निप्रसाद भीमादेवी पत्रकारिता पुरस्कार प्रदान गर्दै आएको छ ।

# मुरारका र साहबीच सहमति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामका व्यवसायी सोहनलाल मुरारका र श्यामकिशोर साहबीचको विवाद समाधान भएको छ । नेपाल ट्रेड सेन्टरका सञ्चालक मुरारका र सुगम निर्माण सेवाका सञ्चालक साहबीच कारोबारका विषयमा विवाद भएको खबर मिडियामा आएको थियो । साहले मुरारकाले व्यवसायीलाई दुःख दिएको बताउँदै मिडियाबाजी गरेका थिए । भदौमा भएको दुई पक्षबीचको विवाद मिडियासम्म पुगेको थियो । साहले आफूले साथीहरुको लहलहैमा लागेर मुरारकाबारे बोलेको र लेख्न लगाइएकोमा दुःखी भएको बताउँदै आफूहरुबीच मित्रवत् व्यवहार कायम रहेको बताए । मुरारकारले पनि वर्षौं पुरानो व्यावसायिक सम्बन्ध कायम रहेको र कुनै वादविवाद नभएको बताए । ‘विगत पनि सुमधुर थियो, आगत पनि सुमधर छ र भविष्य पनि विवादरहित नै हुनेछ,’ उनले भने, ‘व्यावसायिक घरानाको सम्बन्ध बिग्रन दिनु हुन्न र बिगार्नेहरुबाट पनि सचेत रहनु पर्छ ।

# काठमाडौँ–तराई द्रुत मार्ग समयमै सम्पन्न गर्न निर्देशन



**रासस**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले काठमाडौँ–तराई द्रुत मार्ग निर्माणलाई निर्धारित समयमै सम्पन्न गर्न निर्देशन दिएका छन् । साथै उनले रक्षामन्त्रालय र नेपाली सेनाअन्तर्गत सञ्चालित विकास कार्यक्रम तथा आयोजनामध्ये अधिकांश आयोजनाको प्रगति सन्तोषजनक रहेको बताएका छन् । आइतबार रक्षा मन्त्रालयमा भएको चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक समीक्षा बैठकमा उनले अधिकांश योजनाको प्रगति सन्तोषजनक रहेको र काम हुन नसकेका कार्यक्रमलाई चालु आवको बाँकी अवधिमा थप मेहनत गरी लक्ष्य हासिल गर्न सम्बन्धित आयोजना प्रमुखहरूलाई निर्देशन दिए ।
उपप्रधानमन्त्री खड्काले नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको काठमाडौँ–तराई द्रुत मार्ग निर्माणलाई निर्धारित समयमै सम्पन्न गर्न सम्बन्धित प्राविधिकहरूले स्थलगत अनुगमन र निरीक्षण बढाउनुपर्ने बताए । उनले आयोजनामा प्रयोग भइरहेका निर्माण सामग्रीको नियमित परीक्षण गरी सोको आधारमा गुणस्तरीय देखिएका निर्माण सामग्रीको प्रयोगलाई मात्र स्वीकृति दिनुपर्नेमा जोड दिए । साथै उनले अन्तर–निकाय समन्वय सुदृढ गरी मन्त्रालय अन्तर्गतका विकास आयोजनाको कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीलाई सम्बोधन गर्दै अघि बढ्न निर्देशन दिए ।
उपप्रधानमन्त्री खड्काले नेपाली सेनालाई जिम्मेवारी दिइएका कतिपय सडक आयोजनामा न्यून बजेटका कारण नेपाली सेनाको जनशक्ति र उपकरणको क्षमताभन्दा कम उपयोग भइरहेकोले रणनैतिक महत्वका सडक तथा विकास आयोजना पर्याप्त बजेट व्यवस्था गरी नेपाली सेनाको क्षमता र उपकरणको पूर्ण उपयोग गर्न आवश्यक रहेको उल्लेख गरे । उनले समीक्षा बैठकलाई औपचारिकता निर्वाह गर्ने कार्यमा मात्र सीमित नराखी विकास आयोजनाको कार्यान्वयनमा रहेका बाधा व्यवधानलाई सम्बोधन गर्ने गरी सञ्चालन गर्न र समस्याको निराकरणका लागि आवश्यक र कार्यान्वयन योग्य उपायहरू पहिल्याइ आयोजना कार्यान्वयनलाई गति दिन आवश्यक रहेको कुरामा जोड दिए । त्यस अवसरमा रक्षा मन्त्रालयका सहसचिव बाबुराम अधिकारीले मन्त्रालय र नेपाली सेनाअन्तर्गत चालु आवको दोस्रो त्रैमासिक अवधिमा सञ्चालित विकास आयोजना तथा कार्यक्रमरेमा प्रस्तुतीकरण राखेका थिए । रक्षा मन्त्रालयका सचिव किरणराज शर्माले सबै आयोजना प्रमुखलाई निर्धारित समयमै लक्ष्य बमोजिमको प्रगति र माइलस्टोन हासिल गर्न निर्देशन तथा बेरुजु फछ्र्यौटलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्नेमा जोड दिए ।
राष्ट्रिय योजना आयोगका सदस्य डा रामकुमार फुयाँलले विकास आयोजनामा खानी तथा नदीजन्य निर्माण सामग्रीको उपयोग गर्ने कुरा झन्झटिलो भएकाले यसलाई सहजीकरण गर्दै विकास आयोजनाका लागि आवश्यक कच्चापदार्थ स्थानीय तबरमा सहज रूपमा उपलब्ध हुने व्यवस्था मिलाउन आवश्यक भएको बताए । उनले विकास निर्माणलाई गति दिन जग्गा प्राप्ति र रुख कटान लगायतका विषयलाई आवश्यक सहजीकरण गर्दै अघि बढ्न आवश्यक रहेको विचार व्यक्त गरे । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले काठमाडौँ–तराई मधेश द्रुतमार्ग आयोजनालगायत विभिन्न सडक करिडोरको प्रगति सन्तोषजनक रहेको कुरा भन्दै हुम्लाको सदरमुकामलाई यसै वर्ष राष्ट्रिय सडक सञ्जालमा आबद्ध गर्ने गरी नेपाली सेनाले प्रशंसनीय ढङ्गले काम गरिरहेको कुरा बताए । प्रधानसेनापति प्रभुराम शर्माले नेपाली सेनाअन्तर्गत सञ्चालित आयोजनालाई निर्धारित लागत, समय र तोकिएको गुणस्तरमा सम्पन्न गर्न नेपाली सेना कटिबद्ध रहेको बताए । बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा राष्ट्रिय योजना आयोगलगायतका पदाधिकारीको सहभागिता थियो ।

# उत्कृष्ट अभिकर्ताका लागि वनभोज




**मधेशदृष्टि**
**वीरगंज ।**
एसियन लाइफ इन्सुरेन्सले वीरगंज र कलैया शाखाका उत्कृष्ट अभिकर्ताको लागि वनभोज कार्यक्रम आयोजना गरेको छ ।
बीमाको परिधिभित्र रहेर उत्कृष्ट कार्य गरेको भन्दै अभिकर्ताका लागि प्रोत्साहन स्वरुप कार्यक्रम आयोजना गरिएको एसियन लाइफका मधेश प्रदेश संयोजक रामरुप सहनीले बताए ।
वीरगंज शाखाका अभिकर्ताहरु शहिद स्मारकको वनभोजमा सहभागी भएको र कलैया शाखाका अभिकर्ताहरु भने त्रिखण्डी वनभोजमा सहभागी भएको सहनी जानकारी दिए ।
कम्पनीले बीमाबारे चेनता जोगाउनुका साथै सामाजिक उतरदायित्वका कार्यक्रमहरु समेत निरन्तर गर्दै आएको उनले बताए । एसियन नेपालको बिमा बजारमा अग्रणी बिमा कम्पनी रहेको र प्रत्येक वर्ष लाभान्स वितरण गर्दै आएकाले समेत यसको उत्कृष्टता सावित भएको सहनीको भनाइ छ ।

# महासमिति बैठक व्यवस्थित बनाउन उपसमिति गठन

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आगामी फागुन ७ गतेदेखि प्रारम्भ हुने पार्टीको महासमिति बैठकको तयारीका लागि आइतबार विभिन्न उपसमितिको संयोजक चयन गरी जिम्मेवारी सुम्पिएका छन् । महासमितिको बैठक तयारी मूल समितिका संयोजक समेत रहेका उनले प्रचार प्रसार उपसमितिको संयोजकमा मीनबहादुर विश्वकर्मा, आवास समन्वय उपसमितिको संयोजकमा मदनबहादुर अमात्य, भोजन व्यवस्थापन उपसमितिको संयोजकमा उदयशम्शेर राणा, यातायात व्यवस्थापन उपसमितिको संयोजकमा धना खतिवडालाई चयन गरेका छन् ।
यसैगरी स्वयंसेवक परिचालन उपसमितिको संयोजकमा जीतजङ्ग बस्नेत, स्वास्थ्य समन्वय उपसमितिको संयोजकमा उर्मिला नेपाल केसी, प्रदेश समन्वय उपसमितिको संयोजकमा ईन्द्रबहादुर बानियाँ र स्थानीय व्यवस्थापन उपसमितिको संयोजकमा जितेन्द्र श्रेष्ठ (जिल्ला सभापति, ललितपुर)लाई जिम्मेजारी प्रदान गर्नुभएको पार्टी कार्यालयले जनाएको छ ।
महासमिति बैठक व्यवस्थित एवं प्रभावकारी बनाउन उपसमिति संयोजकको जिम्मेवारी तोकिएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

# इच्छाराजलाई तीन वर्ष कैद एक अर्ब बढी जरिवाना

**मधेशदृष्टि**
**काठमाडौँ ।**
विशेष अदालतले सम्पत्ति शुद्धीकरणमा दोषी ठहर भएका व्यवसायी इच्छाराज तामाङलाई तीन वर्ष कैद र एक अर्ब ७२ करोड रुपैयाँ जरिवाना तोकेको छ । विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, न्यायाधीशहरु तेजनारायण सिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले तामाङलाई दोषी ठहर गर्दै उक्त फैसला सुनाएको हो । अदालतले आइतबार सजाय निर्धारण गर्दा पूर्वसांसद तामाङलाई तीन वर्ष कैद, बिगोवमोजिम एक अर्ब ७२ करोड ४४ लाख ५९ हजार रुपैयाँ जरिवाना हुने फैसला गरेको हो । सिभिल सहकारी ठगीमा पुर्पक्षका लागि थुनामा रहेका तामाङलाई यही माघ ७ गते अदालतले दोषी ठहर गर्दै आइतबार सजाय निर्धारणका लागि पेशी तोकेको थियो ।
निजकी श्रीमती सृ◌ृजना शाक्य तामाङलाई एक वर्ष ६ महिना कैद र एक अर्ब तीन करोड ५४ लाख ४३ हजार रुपैयाँ जरिवाना हुने फैसला गरेको छ ।
सोही मुद्दाका केशवलाल श्रेष्ठको एक वर्ष ६ महिना कैद र २५ करोड ६५ लाख ८६ हजार रुपैयाँ बिगो तिर्नुपर्ने फैसला गरेको छ । अदालतले इच्छाराज तामाङ, सृ◌ृजना शाक्य तामाङ, केशवलाल श्रेष्ठ, मीना श्रेष्ठ, प्रतीक्षा तामाङ र प्रतिष्ठा तामाङको नाममा रहेको सम्पत्ति जफत हुने फैसला गरेको छ ।
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सिभिल सहकारी संस्थाका पूर्वअध्यक्ष तामाङसहित निजको परिवारका छजनाविरुद्ध २०७९ साल भदौ १६ गते मुद्दा दायर गरेको थियो ।

# जोगिएलान् विनोद...

दुई पटक गरेर कुल १० रोपनी जग्गा फुटवेयरको नाममा नामसारी गरिएको थियो ।
त्यही वर्षको महालेखा परीक्षकको वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०४४–४५ को प्रतिवेदन)ले यो निर्णय नै गैरकानुनी ठह¥याउँदै यसबारे छानबिन गरेर दोषीलाई दण्डित गर्न भनेको थियो ।
मालपोत ऐन २०३४ ले सरकारी संस्थाको जग्गा बिक्री गर्न मन्त्रिपरिषद्को स्वीकृति (निर्णय) अनिवार्य हुने व्यवस्था गरेको छ । कारखानाले आफ्नो जग्गा चौधरी परिवारको ७५ प्रतिशत शेयर रहेको च्याम्पियन फुटवेयरलाई बिक्री गर्दा सरकारको अनिवार्य स्वीकृति चाहिने भए पनि त्यसो नगरिएको महालेखाको निष्कर्ष थियो।
महालेखाको प्रतिवेदनले ३५ वर्षअघि नै ‘छानबिन गरेर कारबाही गर्नू’ भनेको प्रकरणलाई राज्यका सबै संयन्त्रले अनदेखा गरिरहँदा विनोद चौधरी राजनीतिक शक्ति आर्जन गर्न सफल भए । उनले दल फेरेर समानुपातिकदेखि प्रत्यक्ष निर्वाचित सांसद हुने हैसियत बनाए । अहिले उनै चौधरी राजनीतिक प्रतिशोधका नाममा जोगिन कसरत गरिरहेका छन् र यसपटक लगभग पक्राउबाट जोगिएका छन् । उसो त, कथा यति मात्रै होइन, चौधरी समूहले बाँसबारीमा १८ रोपनी जग्गा हडप्न खोज्दा स्थानीयले लडेर ८ रोपनी फिर्ता गरेका थिए ।
तानिएलान् विनोद चौधरी ? प्रधानमन्त्रीसँगको सल्लाहमा सिआइबीले अरुण चौधरी समातेपछि आवश्यक परे अनुमति लिएर सांसद विनोद चौधरी पनि समाउने योजना बनाएको थियो । तर शुक्रबारको बयानमै अरुण चौधरीले आफूहरुले भोगचलन गरिरहेको जग्गा उस्तै परे फिर्ता दिने भनेपछि तत्कालका लागि विनोद चौधरी जोगिएका छन् । अर्कातिर उद्योगी, व्यापारीको विरोध थेग्न सरकारलाई गाह्रो भएको छ । राष्ट्रपतिदेखि गठबन्धनका नेताहरु तरंगित भएको यो प्रकरणमा सिआइबीले प्रतिवेदन बुझाउने हतारो गरेकाले यसैपटक चौधरी नसमातिने अनुमान गरिएको छ । तर, चौधरी यो बदमासीमा भने संलग्न रहेको सतहमा आएको छ ।

**चौधरीलाई रिहा गर**

वीरगंज उद्योग वाणिज्य सङ्घले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै सिजी होल्डिङ्सका अध्यक्ष तथा प्रबन्ध निर्देशक अरुण चौधरीलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले पक्राउ गरेकामा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । मुलुक आर्थिक समस्यासँग जुधिरहेका बेला समस्या निरुपणका लागि समग्र निजीक्षेत्र सक्रिय भइरहेकामा अनुसन्धानका नाममा विभिन्न बहानामा उद्योगी व्यवसायीमाथि भइरहेको धरपडक एवम् पक्राउ, मानमर्दनले उद्योगी, व्यवसायी एवम् निजीक्षेत्रमा निरासा छाएको बताउदै संघका अध्यक्ष अनिल कुमार अग्रवालले जुनसुकै पक्षबाट हुने गैरकानूनी विषयमा राज्यका तर्फबाट अध्ययन, अनुसन्धान र कानुनी कारबाही गरिनु पर्ने सङ्घको मान्यता रहेको उल्लेख गरेका छन् ।
विज्ञप्तिमा राष्ट्रियस्तरका उद्योगी व्यवसायीलाई फौजदारी अपराध गरेको अपराधीसरह थुनामा राखी कारबाही गरिँदा विदेशी लगानी भित्रिने वातावरण नरहने चेतावनी दिइएको छ छ चौधरीलाई तत्काल रिहा गर्न माग गरिएको छ ।

# लागु औषधसहित पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले लागु औषधसहित वीरगंज महानगरपालिकाको वडा नम्बर २५ बाट एक जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साले विशेष सुराकीको आधारमा वीरगंज महानगरपालिका वडा नम्बर २५ स्थित सडकखण्डमा शंकास्पद अवस्थामा पैदल हिडिरहेका अवस्थामा एक जनालाई पक्राउ गरेको हो ।
पक्राउ पर्नेमा वीरगंज महानगरपालिका वडा नम्बर २३ प्रसौनी टोल निवासी १८ वर्षीय राकेश दास तत्वा रहेको प्रहरीले जनाएको छ ।
चेकजाँचको क्रममा निजले बोकेको झोलाबाट ३७ बोतल लागु औषध ओनरेक्स बरामद भएको प्रहरीले जनाएको छ । पक्राउ परेका राकेशलाई प्रहरी हिरासतमा राखि थप अनुसन्धान अगाडी बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी कुमार विक्रम थापाले जानकारी दिए ।

# जनमतले सरकारबाट मन्त्री फिर्ता नबोलाउने

**मधेशदृष्टि**
**काठमाडौँ ।**
जनमत पार्टीले आफ्नो पार्टीबाट सरकारमा सहभागी मन्त्रीलाई तत्काल फिर्ता नबोलाउने निर्णय गरेको छ । पार्टीको आइतबार बसेको पार्टीको सचिवालय बैठकले संघीय सरकारबाट मन्त्री फिर्ता नबोलाउने निर्णय गरेको हो । जनताको कामलाई सशक्तरुपमा उठाउने सो पार्टीले जनाएको छ ।
बैठकमा अध्यक्ष सीके राउतले राजनीतिक प्रतिवेदन पेश गरेका थिए ।
पार्टीले आगामी जेठ १५ गते गणतन्त्र दिवसको अवसरमा राजधानीमा वृहत आमसभा गर्ने निर्णय गरेको छ । बैठकमा मधेश प्रदेश सरकारमा आफ्नो पार्टीको एक वर्षे भूमिकामाथि समेत समीक्षा समेत गरिएको जनाएको छ ।
पार्टी प्रवक्ता डा. शरदसिंह यादवका अनुसार पार्टी अध्यक्ष राउतले बैठकमा विद्यमान संविधानले लिएको बाटोबाट मुलुकलाई निकास दिन नसकिने निष्कर्ष प्रस्तुत गरेका छन् ।
समाजवाद उन्मुख भनेर संविधानमा जस्तो व्यवस्था गरिएको छ, त्यसले राजनीतिक प्रणाली र अर्थतन्त्रमा अहिले देखिएको समस्या हल हुन नसक्ने उनको निष्कर्ष रहेको छ । अहिलेको प्रणालीको विकल्पमा सामाजिक लोकतन्त्र र कल्याणकारी राज्यको अवधारणा रहेको अध्यक्ष राउतको भनाइ छ ।
वैकल्पिक प्रणालीलाई १० बुँदे आन्दोलनको कार्यक्रम भएको भन्दै अध्यक्ष राउतले प्रत्यक्ष लोकतन्त्र, खुला अर्थतन्त्रदेखि आन्दोलनकारीको नेतृत्वमा सरकार गठनसम्मको प्रस्ताव अघि सारेका छन् ।
अध्यक्ष राउतको प्रस्ताव अनुसार, एक सदनात्मक संसद, दलविहीन कर्मचारी र स्वार्थ बाझिनेगरी हुने कुनैपनि निर्णयलाई निषेध हुनेछन् ।

# जलेश्वर कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी




**रासस**
**महोत्तरी ।**
जिल्ला सदर मुकाम जलेश्वरस्थित कारागारमा क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी राखिएका छन् । जलेश्वर नगरपालिकाको वडा नं १ स्थित सो कारागारमा दुई सय कैदीबन्दी राख्ने क्षमता भएपनि छ सय दुई राखिएका छन् । जलेश्वर कारागार कार्यालय महोत्तरीका प्रवक्ता रवीनचन्द्र ठाकुरले कारागारभित्रका कैदीबन्दीमा विभिन्न समस्या उत्पन्न हुन थालेको बताए । विसं १९१३ मा एक बिघा क्षेत्रफलमा निर्माण भएको दशकौँ पुराना सो कारागारको भौतिक संरचना पनि जीर्ण बनेको जनाइएको छ । उनले कारागारमा हाल ३८ विदेशी (भारतीय)सहित छ सय दुई कैदीबन्दी बस्दै आएका बताए । लामो समयदेखि मर्मतसम्भार नहुँदा कारागारमा वर्षाका समयमा पानी चुहिने, गर्मीको समयमा अत्यधिक गर्मी हुने र जाडोको बेला अत्यधिक जाडो भएर कैदीबन्दीको बसाइ कष्टकर हुने गरेको जनाइएको छ । अहिले कैदीबन्दीलाई सुत्ने, बस्ने, खाने तथा शौचालय र पानीको समेत समस्या हुन थालेको चौकीदार चनरदीप यादवले बताउनुभयो । ती कैदीबन्दीका लागि कारागारभित्र केवल २४ कोठा, १५ शौचालय, सात ह्याण्डपाइप (कल) र छ धारामात्रै छन् । यसले कैदीबन्दीको दैनिक जीवनलाई प्रभावित बनाएको छ । उनले कोठा अभावमा कठ्याङ्ग्रिँदो जाडोमा धेरै कैदीबन्दीलाईबाहिर सुत्नुपर्ने, शौचालय जान पालो कुर्नुपर्ने, नुहाउन र पानी लिनका लागि लाइनमा बस्नुपर्ने तथा खुला आकाशमुनि खाना खानुपर्ने बाध्यता रहेको गुनासो गरे । उनले रुघाखोकी, भाइरल ज्वरोलगायतका कैदीबन्दीको जीवन प्रभावित बनेको चौकीदार यादवले बताए । उनका अनुसार कारागारमा २० गम्भीर प्रकृतिका बिरामी र अन्य विभिन्न स्वास्थ्य समस्या भएका कैदीबन्दी ठाउँ अभावका कारण सँगै खान, बस्न, सुत्न बाध्य छन् ।
हिउँदमा शीतलहर, चिसो हावा र कठ्याङ्ग्रिँदो जाडोको प्रत्यक्ष मारमा पर्छ भने वर्षा सुरु भएपछि पानी चुहिने र जम्नुको साथै ठूलो वर्षापछि बाढीको चपेटमा समेत पर्ने गरेको जनाइएको छ । सहरी विकास तथा भवन निर्माण विभागले जलेश्वर कारागार कैदीबन्दी बस्न अयोग्य भएको प्रतिवेदन नै बुझाएको बताइएको छ । जीर्ण भौतिक संरचना, क्षमताभन्दा बढी कैदीबन्दीको चाप, स्वस्थ्य खाद्यान्न तथा पानी आपूर्तिको अभाव, नियमित र स्तरीय स्वास्थ्य जाँचको अभाव, खेलकुद तथा मनोरञ्जनको अभावजस्ता समस्याका कारण विभिन्न रोगको समस्या बढ्दै गएको कारागार सुधारसम्बन्धी विगतमा गठित विभिन्न समितिको प्रतिवेदनमा उल्लेख छ । कारागार ऐन, २०१९ मा रोगी, थुनुवा वा कैदीलाई छुट्याई छुट्टै राख्नुपर्ने, पागल वा अर्धपागल थुनुवा वा कैदीलाई छुट्याई छुट्टै राख्नुपर्ने व्यवस्था रहेको छ ।

# शुल्क खारेजी माग गर्दै प्रदर्शन

**मधेशदृष्टि**
**वीरगंज ।**
विद्यार्थीसँग मासिक लिइरहेको शुल्क खारेजको माग गर्दै विद्यार्थीले प्रदर्शन गरेका छन् । पर्साको अलौंस्थित द्वारदेवी माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीले विद्यालय प्रशासनले प्लस टुका विद्यार्थीसँग मासिक शुल्क वापत लिइरहेको पाँच सय रुपैयाँ खारेजीको माग गर्दै आइतबार प्रदर्शन गरेका हुन् ।
विद्यालयमा अध्ययनरत कक्षा ११ र १२ का विद्यार्थीले विद्यालय प्रशासनविरुद्ध प्रदर्शनमा उत्रिएका हुन् । उनीहरुले आइतबार विद्यालय प्रशासन विरुद्ध नाराबाजी गर्दै शुल्क खारेजको माग अघि सारेका हुन् ।
विद्यालयले अस्थायी शिक्षकको तलबका लागि हरेक महिना प्रत्येक विद्यार्थीसँग पाँच सय रुपैयाँको दरले शुल्क लिने गरेको आन्दोलनरत विद्यार्थीको भनाइ छ । विद्यालयले लिइरहेको उक्त शुल्क खारेज गर्नुपर्ने र विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था मिलाउनुपर्ने भन्दै उनीहरुले हालसम्म विद्यार्थीले बुझाइएको रकमको विवरण सार्वजनिक गर्न समेत माग गरेका छन् । आफूहरुको मागलाई पूरा गरेर मात्रै नियमित पठनपाठन सुरु गर्नुपर्ने उनीहरुको भनाइ छ । सरकारले विद्यालय शिक्षालाई निःशुल्क घोषणा गरेको भए पनि प्लस टुको मासिक शुल्क लिएपछि आफूहरु आन्दोलनमा उत्रिनु परेको विद्यार्थीको भनाइ छ ।
द्वारदेबी माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा करिब ७५ जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयका प्रधानाध्यापक दयाकान्त झाले प्लस टुमा पढाउने स्थायी शिक्षकको दरवन्दी नभएकोले अस्थायी शिक्षक राखी पढाउने कार्य भइरहेको बताए । विद्यालय व्यवस्थापन समिति र अभिभावकको निर्णय बमोजिम शुल्क लिएको प्रधानाध्यापक झाको दाबी छ ।

# क्याम्पसद्वारा निःशुल्क प्याड




**मधेशदृष्टि**
**वीरगंज ।**
महिनावारीको बेला क्याम्पसमा अध्ययनका लागि आउने किशोरी तथा छात्राहरुले झेल्नुपर्ने समस्याको समाधानका लागि वीरगंजको हरिखेतान बहुमुखी क्याम्पसले निःशुल्क प्याड उपलब्ध गराएको छ । क्याम्पसको व्यवस्थापन समितिले छात्राहरुको सहजताका लागि आइतबारबाट महिनावारी प्याड उपलब्ध गराएको समितिका सल्लाहकार सदस्य जयप्रकाश खेतानले बताए । उनकाअनुसार छात्राहरुलाई महिनावारी भएको समयमा आवश्यकता अनुसार निःशुल्क रुपमा प्याड लिन सक्ने गरी क्याम्पस हाता भित्र प्याड राखिएको छ । अहिले हरिखेतान क्याम्पसको शौचालयलाई सफा राखी महिनावारी मैत्री शौचालय बनाउने तयारी समेत भइरहेको खेतानले जानकारी दिए । क्याम्पस प्रमुखको विवादमा झण्डै दुई महिनासम्म अन्यौलग्रस्त बनेको क्याम्पसलाई निकास दिन क्याम्पस व्यवस्थापन समिति सक्रिय भएको जनाएको छ । करिब दुई महिनादेखि रोकिएको कर्मचारीहरुको तलब व्यवस्थापन समितिकै सक्रियतामा खुवाईएको छ भने क्याम्पसमा विद्यार्थीहरुको चाप बढेसँगै बस थप्ने, सुरक्षालाई व्यवस्थित गर्दै वाकिटकीको प्रयोग अधिकृतस्तरको सुरक्षा गार्डको व्यवस्था, क्याम्पसको सरसफाइ र सौन्दर्यकरण, प्रवेशद्वारको निर्माणसँगै अधुरा रहेका कामहरु अगाडी बढाइएको खेतानले बताए । क्याम्पसको व्यवस्थापन पक्षले कर्मचारी प्रशासनलाई पनि हातमा लिएर मधेश प्रदेशकै स्तरीय क्याम्पस बनाउने अभियानमा जुटेको र क्याम्पसमा अध्ययन तथा शिक्षण सिकाईमा कसैसँग सम्झौता नगरिने गरी काम भइरहेको खेतानले बताए ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बागमती नगरपालिका वडा नम्बर १२, भरतताल नजिकै मोटरसाइकल दुर्घटना हुँदा एक युवतीको मृत्यु भएको छ । दुर्घटनामा मोटरसाइकल पछाडि सवार बरहथवा नगरपालिका–७, की १९ वर्षीया अस्मिता रायको मृत्यु भएको हो । भरततालबाट बरहथवातर्फ जाने सडकमा मधेश प्रदेश–०३–२५ प ५९२७ नम्बरको मोटरसाइकल तीव्र गतिका कारण अनियन्त्रित भई पल्टिँदा अस्मिता गम्भीर घाइते भएकी थिइन् । अस्मितालाई बागमती मोडेल अस्पताल कर्मैयामा सामान्य उपचारपश्चात् चन्द्रपुर सरकारी अस्पताल रौतहट पुर्याउँदा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । दुर्घटनामा मोटरसाइकल चालक बरहथवा नगरपालिका वडा नम्बर ७ कै २६ वर्षीय मुन्ना यादव सामान्य घाइते भएका छन् । चालक यादव र मोटरसाइकललाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । भरततालमा घुमफिरका लागि आएका उनीहरू दुर्घटनामा परेका हुन् । प्रहरीले अस्मिता र मुन्नासँगै घुमफिरका लागि आएका मोटरसाइकल धनी २१ वर्षीय सिद्धान्त कुमार शर्मालाई पनि नियन्त्रणमा लिएको छ ।
यस्तै, हेटौँडा—काठमाडौँ जोड्ने छोटो दुरीको मार्ग हेटौँडा–भीम फेदी–कुलेखानी–फाखेल–फर्पिङ भएर यात्रारत एक यात्रुको मृत्यु भएको छ । काठमाडौँबाट बारातर्फ आउँदै गरेको ना.१ज७९५८ नम्बरको सुमोमा सवार बारा कोल्वी नगरपालिका–६ पर्सौनाका द्वारिका चौधरीको मृत्यु भएको हो ।
मकवानपुरको भीम फेदी गाउँपालिका वडा नम्बर ६ स्थित चिसापानीगढीमा सुमोबाट ओर्लिएर होटलतर्फ खाजा खान जाने क्रममा ६० वर्षीय चौधरी अचानक बेहोस् भई स्थानीय मेडिकलमा सामान्य उपचार पश्चात् थप उपचारको लागि हेटौँडा अस्पतालमा पठाएकोमा उपचारको क्रममा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

# जनमतले गरायो युवालाई पार्टी प्रवेश



**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टीले आइतबार वीरगंजमा विभिन्न क्षेत्रमा सक्रिय रहेका युवाहरुलाई पार्टी प्रवेश गराएको छ । जनमतपार्टी निकट युवा जनमत संघ वीरगंज महानगर समितिद्वारा आयोजित युवा भेटघाट एवं पार्टी प्रवेश कार्यक्रममा युवाहरुलाई पार्टी प्रवेश गराएको हो । मनोज साहको पहलमा करिब ६० जना युवाहरु जनमत पार्टीमा प्रवेश गरेका छन् । युवा जनमत संघका केन्द्रिय संयोजक संजय यादवको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा पार्टीका नेता अनुराग द्विवेदीले युवाहरूलाई प्रशिक्षण समेत दिनु भएको थियो ।
सो अवसरमा जनमतका पर्सा जिल्ला अध्यक्ष ओमप्रकाश सरार्फ, केन्द्रिय सदस्यहरु करिमा बेगम, मुकेश द्विवेदी, बिधालाल प्रसाद,श्याम गुप्ता लगायतको उपस्थिति रहेको थियो ।

# गंगासागर किनारमा कवि गोष्ठी



**मधेश दृष्टि**
**जनकपुरधाम ।**
मैथली साहित्य समाजले आयोजना गरेको कवि गोष्ठी सम्पन्न भएको छ । शनिबार मैथिली साहित्य समाज जनकपुरधामले शतकवीर काशीकान्त झा रसिकको संयोजकत्वमा आयोजना गरेको बृहत कवि गोष्ठी सम्पन्न भएको हो । जनकपुरधामको गंगासागर किनारमा बृहत् कवि गोष्ठी आयोजना गरेको थियो ।
मनोज प्रमेशको अध्यक्षतामा तथा मनोज झा मुक्तिको प्रमुख आतिथ्यमा भएको उक्त कवि गोष्ठीमा संविधानसभा सदस्य शीतल झा, डा रेवती रमण लाल, देवीकान्त मिश्र, डा गायत्री झा, विजय यादव, विलट दास, प्रमोदानन्द झालगायत विभिन्न व्यक्तिहरुलको सहभागिता रहेको थियो । कार्यक्रमको संचालन शुभेच्छा साहले गरेका थिए ।

# नवदीप एकेडेमीको वार्षिकोत्सव सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको भिस्वामा रहेको नवदीप एकेडेमीको वार्षिकोत्सव सम्पन्न भएको छ । बार्षिकोत्सव कार्यक्रमको आइतबार एक कार्यक्रमका बीच वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले उद्घाटन गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै नगर उपप्रमुख आलमले वीरगंजका निजीविद्यालयहरुले शिक्षामा गरेको योगदान सराहनीय रहेको बताए । उनले निजी विद्यालयहरुमा अध्ययन गर्ने सबै आर्थिक रुपमा सम्पन्न परिवारका नहुने र कोही आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई समस्या भएमा विद्यालयले सहयोग गर्नुपर्नेमा जोड दिए । उनले आर्थिक अवस्था कमजोर भएका विद्यार्थीले कुनै कारणले पनि शिक्षाबाट बञ्चित हुनु नहुने बताउदै महानगरपालिकाको तर्फबाट पनि आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । नगर उपप्रमुख आलमले शिक्षा सबैको नैसर्गिक अधिकार भएकोले कोही पनि कुनै कारणले शिक्षाबाट बञ्चित हुन नहुने बताए । विद्यालयकी प्रधानाध्यापक सुशीला साहको अध्यक्षतामा भएको कार्यक्रममा वीरगंज महानगरपालिकाको पूर्व उपप्रमुख शान्ति कार्कीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा विद्यालयका विद्यार्थीहरुले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।
बार्षिकोत्सवका अवसरमा विद्यालयका सबै शिक्षकहरुलाई सम्मान गरिनुका साथै उत्कृष्ट शिक्षक शिक्षिकालाई पुरस्कृतसमेत गरिएको थियो ।

# मातृभाषा पठनपाठनमा जोड

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा जारी रहेको पाँच दिवसीय जनकपुरधाम साहित्य, कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव २०८० अन्तर्गत मातृ ‘भाषामा शिक्षा’ सम्बन्धि पाँचौँ शत्रमा परामर्श भएको छ । मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय र मैथिली विकास कोषको आयोजना तथा जनकपुरधाम उपमहानगरपालिकाका सह–आयोजनामा भइरहेको महोत्सव अन्तर्गत आयोजना गरिएको परामर्शमा कार्यक्रममा सहभागी भएका स्थानीय तहका प्रमुखहरुले एक सय पूर्णाङ्कको मैथिली मातृ भाषाको पठन पाठन कक्षा १ देखि ८ सम्म पढाउने तयारी भइरहेको जानकारी गराए ।
जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोज कुमार साहले मैथिली मातृ भाषामा एकसय पूर्णाङ्कको पाठ्यक्रम चैत्रभित्रमा छपाई गरेर वैशाख देखि लागु गर्ने गरि उपमहानगरपालिकाले तयारी अन्तिम चरणमा पुर्याएको बताए । कार्यक्रममा महोत्तरीको मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डल, सर्लाहीको चन्द्रनगर नगरपालिकाका प्रमुख राजकुमार महतो, धनुषाकै जनकनन्दनी गाउँपालिका उपाध्यक्ष कमला सहगलले स्थानिय भाषामा पठनपाठनका लागि पालिकाहरुले पाठ्यक्रम तयारी पार्ने काम भइरहेको बताए ।

# ‘ग्लोबल विन्टर फेस्ट’ सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
ग्लोबल बिजनेस कलेजको आयोजनामा ‘ग्लोबल विन्टर फेस्ट’ सम्पन्न भएको छ । व्यवसाय संकायमा स्नातक अध्ययनरत विद्यार्थीहरुले ‘ग्लोबल विन्टर फेस्ट’को आयोजना गरेका हुन् । कलेजका प्रबन्ध निर्देशक श्रीराम दासको अध्यक्षतामा सम्पन्न कार्यक्रमलाई सम्बोधन गर्दै सांसद एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजय चौरसियाले अनुशासन नै विद्यार्थीको सफलताको हतियार भएको बताए । अनुशासन बिना सफलता हात पार्न नसकिने बताउँदै उनले समयमै लक्ष्य निर्धारण गर्न पनि सुझाव दिए । आफ्नो रुची र क्षमताअनुसारको गन्तव्य निर्धारण गरेर सही मार्गमा निर्देशीत हुन चौरसियाले विद्यार्थीलाई आग्रह गरे ।
ग्लोबल विन्टर फेस्टमा विद्यार्थीहरुले विभिन्न सांस्कृतिक मनोरञ्जनात्मक प्रस्तुती प्रस्तुत गरेका थिए । सोही अवसरमा म्युजिक ब्याण्ड, फेस पेन्टिङ्, रमाइलो खेल, गिफ्ट स्टल, फुड स्टल्सलगायतका विभिन्न स्टलहरु पनि राखिएको थियो ।

*इर्ष्या मानसिक क्यान्सर हो ।*
*–बिसी फोर्ब्स*

## सम्पादकीय

# मधेशमा महिला हिंसा

*नेपाल प्रहरीको तथ्याङ्कले घरेलु हिंसासम्बन्धी उजुरी बढिरहेको देखाएको छ । आर्थिक वर्ष २०८०–८१ को पाँच महिना (साउन–मंसिर) मा देशभर घरेलु हिंसाका सात हजार सात उजुरी परेका छन् । घरेलु हिंसासम्बन्धी देशभर परेका सात हजार सात उजुरीमध्ये मधेशको तथ्यांक अरु डरलाग्दो छ । दुई हजार तीन सय २९ उजुरी मधेश प्रदेशमा मात्र परेका छन् । यसले के संकेत गर्छ भने मधेश प्रदेशमा हिंसाका घटना बाहिर आउन थालेको छ । अब महिला सहेर बस्न छाडेका छन् । तथ्यांकले त दैनिक १५ महिला घरेलु हिंसाको सिकार भइरहेको देखाउँछ । गत आर्थिक वर्षमा पनि सबैभन्दा बढी घरेलु हिंसासम्बन्धी उजुरी मधेश प्रदेशमै परेको लुकेको थिएन । आर्थिक वर्ष २०७९–८० मा देशभरका १६ हजार पाँच सय १९ उजुरीमध्ये चार हजार नौ सय २३ उजुरी मधेश प्रदेशमै परेको थियो । यौनदुर्व्यवहार, घेरलु हिंसा, जबर्जस्तीकरणी, कुटपिट, बालविवाह, बोक्सीको आरोप, बालविवाह, बहुविवाह, दाइजो प्रथालगायतका घटनाले मधेशका महिला तथा बालबालिका प्रताडित छन् ।*

*चालु आर्थिक वर्षको सुरुवाती पाँच महिनामै मधेश प्रदेशमा यौनजन्य अपराधसम्बन्धी एक सय ४०, बालविवाह तथा बहुविवाहसम्बन्धी ३९, जातीय छुवाछुतसम्बन्धी चार, बोक्सी आरोपमा सात, दाइजो, जबर्जस्ती करणी र घरेलु हिंसाका कारण कर्तव्य ज्यानसम्बन्धी चार उजुरी परेको पाइएको छ । जबर्जस्ती करणी र बालयौन दुरुपयोगसम्बन्धी मधेश प्रदेशमा एक सय ४० उजुरी दर्ता छन् । आर्थिक वर्ष २०७९–८० मा बोक्सीको आरोपमा देशभर दर्ता भएका ४३ उजुरीमध्ये ३२ वटा उजुरी मधेश प्रदेशकै थिए । गतवर्ष देशभर अपहरण जबर्जस्तीकरणीका ५९ उजुरीमा ३३ उजुरी मधेश प्रदेशकै थियो । मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार, घरेलु हिंसा बढ्नुमा कमजोर आर्थिक अवस्थाले जरा गाडेको समाज देखिएको छ । अशिक्षासँगै गरिबी र चेतना अभवा पनि छ । सामाजिक बनोट पनि मधेश प्रदेशमा उस्तै छ, घरेलु हिंसाका घटना बढी भए पनि प्रहरीसम्म पुग्ने महिलाको कमी छ । बरु सहेर बस्ने गरेका कछन् । यसले घरेलु हिंसालाई अरु प्रसय दिइरहेको छ ।*

*महिला आत्मनिर्भर हुन नसक्दा घरेलु हिंसा सहन बाध्य छन् । आर्थिक हिसाबले सबल महिलाहरु कम हिंसामा परेका छन् । हिंसामा पर्न खोजे अलग्गिएर बस्न सक्छन् । तर मधेशमा समाज यति खुला हुन सकिरहेको छैन, त्यसैले महिलामाथि ज्यादति छ । यद्यपि घरेलु हिंसासम्बन्धी उजुरी धेरै देखिनु चेतना वृद्धिको नतिजा पनि हो ।*

*मधेशमा प्रायः बहुविवाह र दाइजोका घटना बढी देखिनुमा अन्य प्रदेशको तुलनामा मधेशमा गरिबी, पछौटेपन र साक्षरता दर न्यून नै प्रमुख कारण हो । सामाजिक, सांस्कृतिक मूल्यमान्यतामा आधारित सामाजिक कुरीतिका कारण महिला हिंसाका कतिपय घटना घरपरिवार र समाजमै टुंगिने गरेका छन् । यसले हिंसा गर्नेहरुलाई बल पुगिरहेको छ । कठोर भएर प्रहरीले प्रशासनले कारबाहीको दायरामा ल्याउन जरुरी छ । यस्ता घटना लुकाउनेलाई पनि कारबाहीको दायरामा ल्याइनु पर्छ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशद्दष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# क्यान्सरको भय र भ्रम हटाउन जरुरी



डा. प्रकाश बुढाथोकी



गुल्मी–तम्घास घर भएका रामकृष्ण देब्रे घाँटीमा घाडो आएपछि क्यान्सर नै भयो भनी अत्तालिएर सेटेलाइट क्लिनिकको राजधानी मानिने बुटवलमा र त्यसपछि भरतपुर पुगी एफ एन ए सी. तथा वायोप्सी नै गराए। जहाँ उनी जस्तै गाडो, गठखलो र पिलो भएका थुप्रै बिरामी थिए। मुखबाट रगत र पिप लगातार बहँदा तथा गाउँघरका मानिसले थरिथरिका भयानक कथा सुनाउँदा पनि केही नलागेका रोल्पा थवाङका तेमन बुढा स्वास्थ्य शिविरमा आएका थिए। न यस समस्याले दुःख दिएको छ, न खाना नै मागेको छ, किन पैसाको कुटुरो बोकी चिकित्सकलाई बुझाउने भनी प्रतिवाद गर्दै थिए।

क्यान्सर सानो उमेरमा हुँदैन, स्तन क्यान्सर महिलालाई मात्र हुन्छ, गिर्खा देखिनेबित्तिकै क्यान्सर हो, म्यामोग्रामले दुख्छ, क्यान्सर भएपछि मरिन्छ, केमोले झन असर गर्छ, क्यान्सर सरुवा रोग हो भन्नेजस्ता भनाइ पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका थुप्रै स्वास्थ्य शिविरहरुमा सुन्न पाइन्छ। अन्तराष्ट्रिय क्यान्सर नियन्त्रणका लागि युनियन (युआइसीसी)का अनुसार क्यान्सरबाट वर्षेनी ७० लाख मर्ने गरेका छन् भने एक करोड १० लाख नयाँ क्यान्सरका बिरामी देखा पर्दछन्ः। मुटु तथा नशा रोगपछि मानिसको ज्यान लिने दोस्रो भयानक रोग पनि हो। यो क्रम जारी रहे वर्षेनी एक करोड बढीको मृत्यु क्यान्सरबाट हुने अनुमान गरिएको छ। वर्तमान विश्वमा हुने कुल मृत्युमध्ये १३ प्रतिशत कारक तत्व क्यान्सर हो र करिब ९० प्रतिशत क्यान्सर खानपिन, रहनसहन, वातावरण, जीवनशैली आदिको कारणले र १० प्रतिशत शरीरको आन्तरिक कारणले हुने गर्दछ। विश्व स्वास्थ्य सङ्गठन अनुसार विश्वमा प्रतिवर्ष ६० लाखभन्दा बढी, नेपालमा २५–३० हजार मानिस यस रोगबाट पीडित हुने गरेका छन्, जसमा आधाभन्दा बढी महिला नै पर्दछन्। नेपालमा प्रत्येक एक लाख जनसंख्यामा १०० देखि १२० जना नयाँ क्यान्सरका रोगीहरु प्रत्येक वर्ष थपिने र करिब ७५ हजार क्यान्सरका रोगी हर समयमा नेपालमा भएको अनुमान छ। एकातिर यस्तो भयावह स्थिति छ भने अर्कोतिर क्यान्सर बनाउन सक्ने कारणहरु विगतका दशकमा १२ सय गुणाले उत्पादन तथा प्रचारप्रसारमा वृद्धि भएको तथ्याङ्कले हामी स्वास्थ्यकर्मी मात्र हैन, स्वास्थ्यप्रति सचेत जनता र राष्ट्रलाई नै चिन्ताको विषय बनाएको छ।

**क्यान्सर के हो?**

शरीरको अङ्गप्रत्यङ्गका कोषहरु वा कोषीकाहरु अनियन्त्रित र असामजस्य रुपमा अस्वाभाविक आकार र संख्यामा वृद्धि भएर शरीरलाई प्रतिकूल असर पार्ने, नसर्ने रोगहरुमध्येको सबैभन्दा डरलाग्दो र प्राणघातक रोग क्यान्सर हो। क्यान्सरले आफू नजिकका तन्तुहरुलाई असर पार्नुका साथै शरीरमा एक स्थानबाट अर्को स्थानमा तन्तुमा रगत, लिम्फ आदिबाट सर्न वा असर पार्न सक्दछ। तर एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दैन। अर्बुदरोग उपचार गर्न सकिने एक दुःख हो जुन पुरुषमा प्रायःजसोको उपचार हुन्छ र महिलामा झन् शुरुमै पत्ता लगाउन सकिन्छ।

**किन क्यान्सर हुन्छ?**

अर्बुदरोग हुने सम्भावना निश्चितरुपले बढाउनेमा रसायनिक विकीरण, विषाणु, हर्मोन, दीर्घकालीन घर्षण, चोटपटक, धातु, प्लाष्टिक पर्दछन्। सुर्ती तथा सुर्तीजन्य पदार्थ जस्तै ः धुरमपान, खैनी, बिडीको सेवन र मादक पदार्थको सेवन यसका मुख्य कारण हुन्। तयारी खाना, बासी खाना र बढी चिल्लो भएको खानाले पनि क्यान्सरको जोखिम बढाउँछ भने विषालु रसायन, आर्सेनिक, निकेल, अस्वेस्टस, अल्कत्रा र तारले पनि क्यान्सर हुन मद्दत गर्दछ। एक्सरे, अल्ट्राभाइलेटजस्ता विकिरण पनि यसका कारण हुन सक्छन्। इबिभी, एचपिभी, एचएसभी–१, सिएमआई, भारिसेला जुस्टरजस्ता भाइरसको प्रवेश तथा भिटामिन ए, ई र सी, खनिज तत्व, फलाम, जस्ता, तामा र म्यागनिजजस्त पोषणको कमी, असुरक्षित यौन व्यवहार एवं हर्मोन र स्ट्रोजेन र टिएसएचका कारण पनि क्यान्सर हुन सक्दछ। कतिपय व्यक्तिमा उमेर पाको हुँदै जाँदा र वंशानुगत आधारमा पनि यो रोग भएको पाइन्छ।

आमाबाबु दुवै या एकमा क्यान्सर भएमा सन्तानमा हुनसक्छ जस्तै आँखामा हुने क्यान्सर रेटिनोब्लास्टोमा र स्तनक्यान्सर हरेक व्यक्तिले आफ्नो आहार–विहारमा परिवर्तन गरेमा ४० प्रतिशत क्यान्सर रोक्न सकिन्छ। धुम्रपान वा सुर्तीसेवन फोक्सो र शरीरका अन्य भागमा क्यान्सर बनाउने मुख्य कारण हो। आधुनिक जीवनशैली, रेष्टुरेन्टको विकास तथा पाश्चात्य परम्पराको नक्कलले गर्दा विभिन्न किसिमका सेकुवा तथा मदिराको प्रयोगमा बढोत्तरी भएको छ। पोलेको मासुमा नाइट्रोसमाइन रसायन हुने भएकाले मद्यपानसँगै खाँदा मुख, खाद्य नलीको क्यान्सर हुन सक्छ। रक्सीको साथ चिनीया बदम खानेलाई कोलन (दिशा नली) र कलेजोको क्यान्सर हुन सक्छ। त्यसैगरी गाडीको टायर बाल्दा उत्पन्न हुने धुवाँमा डाइअक्सिन हुने भएकाले क्यान्सर हुन सक्छ। पुरुषको लिङ्गमा जम्मा हुने सेतो पद्धार्थले क्यान्सर गराउन सक्ने भएकाले प्रत्येक पुरुष तथा महिलाले लिङ्ग र योनी सधैँ सफा राख्नुपर्दछ। सफा नराख्दा लिङ्ग र पाठेघरको क्यान्सर हुने जोखिम उच्च रहेको छ।

**लक्षणहरु के के हुन् त?**

क्यान्सर बालबालिकादेखि वृद्धसम्म सबैलाई लाग्न सक्छ। तर पनि जति उमेर बढ्दै गयो त्यति नै क्यान्सर लाग्ने सम्भावना बढ्दै जान्छ। तर क्यान्सरको प्रकृति र किसिममा भने भिन्नताहरु हुन्छन्। नेपालमा देखिएका क्यान्सरहरुमा पुरुषमा मुख तथा घाँटीको, फोक्सोको र ठूलो आन्द्राको सबैभन्दा बढी पर्दछ भने स्त्रीमा पाठेघरको मुखको, स्तन र फोक्सोको क्यान्सर तथा बालबालिकामा रगत र आँखा सम्बन्धी क्यान्सर बढी देखिएको छ। सरकारी आँकडा हेर्दा पुरुषमा फोक्सोको, महिलामा स्तनको र बालबालिकामा रगतको क्यान्सर प्रमुख पाइन्छ।

सुरुका आठ लक्षणहरुमा बिना कारण वजन घट्न जाने, अपच वा खाना निल्न गाह्रो हुने, दिशा वा पिसावको बानीमा फरक पर्न जाने, असाधारण रक्तस्राव वा पिप आउने र उपचारबाट पनि पुरानो घाउ निको नहुने हुन्छ। त्यस्तै हतपत निको नहुने खोकी वा घोक्रो स्वर भएमा, कोठीको रङ र आकारमा परिवर्तन देखा परेमा र स्तन वा शरीरका अन्य भागमा दुख्ने वा नदुख्ने गिर्खा आएमा पनि क्यान्सरको लक्षण मान्न सकिन्छ। यस रोगमा अङ्गअनुसार लक्षणहरु पनि फरक–फरक देखिने गर्दछ। क्यान्सर लागिसकेपछि व्यक्ति दुब्लो, पातलो, कमजोर हुँदै जाने, भोक नलाग्ने, रक्तअल्पत्ता हुने र प्यारानियोब्लस्टीक सिन्ड्रोम हुँदै सिकिस्त हुन्छ र अन्त्यमा मृत्यु हुन्छ।

**निदान कसरी गर्न सकिन्छ?**

बिरामीको इतिहास सविस्तार जाँच गरेर, रगत, दिशा, पिसाबको परीक्षण गरेर, सियोले गिर्खाबाट पानी झिकी परीक्षण गरेर (एफएनएसी) तन्तु वा कोषको बायोप्सी गरेर, साधारण तथा स्पेसल एक्सरे अल्ट्रासोनोग्राम, सिटीस्क्यान, एमआरआई र इन्डोसकपिक जाँच गरेर क्यान्सरको निदान गर्न सकिन्छ। क्यान्सरको स्टेजअनुसार उपचार फरक पर्ने भएकाले क्यान्सरको स्टेजिङ गर्ने गरिन्छ। पहिलो र दोस्रो स्टेजको क्यान्सरलाई शुरुको अवस्था तथा तेस्रो र चौथो स्टेजलाई जटिल अवस्था मानिन्छ। पहिलो स्टेजमा रोग उत्पन्न भएकै ठाउँमा सानो रुपमा दोस्रो र तेस्रो स्टेजमा सोही ठाउँमै ठूलो र जटिल रुपमा रहेको तथा चौथो स्टेजमा रोग अन्य भागमा सरेको अवस्था वा मेटास्टासिस हो।

**उपचार के हुन सक्छ?**

कुनै पनि क्यान्सरको उपचार कति सफल रहन्छ भन्ने कुरा क्यान्सरको अवस्था, स्थान, प्रकार तथा किसिमले साथै बिरामीको स्वास्थ्य अवस्था र उमेरले पनि निर्धारण गर्दछ। यदि शुरुकै अवस्थामा नै क्यान्सरको निदान हुन सक्यो र उपचार शुरु गरियो भने उमेर ढल्किसकेका र रोगको अवस्था जटिल तथा ढिलो भइसकेकामा भन्दा सफल रहन्छ र क्यान्सर निको भई धनजनको क्षति न्यूनीकरण गर्न सकिन्छ।

सोलिड ट्यूमरको उपचारमा शल्यक्रिया विकीरण र केमोथेरापिको प्रयोग गरिन्छ भने रगतसम्बन्धी क्यान्सरमा मुख्यतया केमोथेरापी र केहीमा विकिरणको प्रयोग गरिन्छ। निदानमा धेरै समय लाग्ने उपचारको क्रममा बारम्बार अस्पताल आउनु पर्ने, विभिन्न परीक्षणहरु बारम्बार गराउनु पर्ने, विकिरण तथा केमोथेरापीका कुप्रभाव, पाश्र्वे प्रभावले बिरामी तथा आफन्तमा नकारात्मक सोँच ल्याउने भएकोले बिरामी स्वयं आफन्तहरु संलग्न चिकित्सकहरु र स्वास्थ्यकर्मीहरुमा धैर्यताको आवश्यकता पर्दछ। क्यान्सरको उपचारमा कुन उपचार गर्दा बिरामीलाई अत्यधिक लाभ हुन्छ भनी निर्णय गर्न क्यान्सर सम्बन्धी विभिन्न विशेषज्ञहरुको आपसी सहकार्य अत्यन्त आवश्यक हुने भएकाले विशेषज्ञहरुको भेला ट्यूमर बोर्ड गठन छ।

क्यान्सर लागेको भागलाई चिरफार गरी निकाल्ने विधि शल्यक्रिया, कोषनाशक औषधिहरुको प्रयोगद्वारा गरिने उपचार विधि केमोथेरापी, विकिरणद्वारा क्यान्सर कोषहरु सेकी उपचार गर्ने विधि रेडियोथेरापी, कतिपय क्यान्सरको वृद्धि हुनुमा शरीरमा हर्मोनको उपस्थिति बढी हुनेमा उक्त हर्मोनको भाग हटाइदिएर वा हर्मोनको प्रयोगद्धारा उपचार गर्ने विधि हार्मोनथेरापी र क्यान्सररोग रोक्न सक्ने क्षमतालाई वृद्धि गर्ने विधि इम्युनोथेरापी क्यान्सरको उपचारमा प्रयोग गरिन्छ।

**क्यान्सरबाट कसरी बच्ने?**

हालसम्म प्राप्त ज्ञान, सीप र प्रविधिले एक तिहाई क्यान्सर हुनु अगावै रोकथाम गर्न सकिने, अर्को एक तिहाई समयमै पत्ता लगाई उपचार गरी निको गर्न सकिने र बाँकी एक तिहाईलाई निको पार्न नसके पनि यस रोगबाट हुने पीडा कम गरी स्तरीय आयु लम्ब्याउन सकिन्छ। एक अध्ययनअनुसार महिलामा ६० प्रतिशत र पुरुषमा करिब ४० प्रतिशत क्यान्सरको कारक तत्व असन्तुलित भोजन नै हो। शुरुमा उपचार गरे क्यान्सर निको हुन्छ। तैपनि क्यान्सरबाट पाइने दुःख, हुने विकृति र विभिन्न समस्या तथा लाग्ने उपचार खर्चलाई सजिलैसँग नियन्त्रण गर्न सकिने भएकोले रोगको उपचार गर्नु भन्दा रोग लाग्न नदिनु नै उत्तम हुन्छ।

–चुरोट, बिडी, खैनी, पान, तम्बाखु र गुटखा जस्ता लागू पदार्थ तथा सूर्तीजन्य पर्दाथको सेवन नगर्ने।

–सडेगलेका, बासी, ढुसीपरेका, बेसी रङ्गाइएका, बुट्टाबुट्टी भएका र अखाद्य रङ मिसाइएका खानेकुरा नखाने।

–बेसी पोलेको मासु, डढेका खानेकुरा र बढी तातो, चिसो, चिल्लो खाना नखाने, जाँडरक्सी सेवन नगर्ने वा थोरै मात्रा लिने,

–प्रत्येक दिन शारीरिक ब्यायाम गर्ने।

–स्वच्छ सफा, ताजा, हरियो सागपात, पहेंलो फलफुल, गेडागुडी, रेसाजन्य तथा पौष्टीक पर्दाथ भएको शाकाहारी र सन्तुलित भोजन गर्ने (मासु खानै परे पनि सेतो मासु खाने)।

–नक्कली र जथाभावी औषधीको प्रयोग नगर्ने, खाना खाइसकिपछि मुख सधैँ सफा राख्ने, वातावरणीय प्रदूषणबाट जोगिने।

–धेरै जनासँग यौन सम्पर्क नराख्ने।

–अनावश्यक मोटोपन घटाउने र नियमित शारीरिक व्यायम गर्ने, नून धेरै हालेको खाना कम खाने।

अन्तमा, सन २०२२ देखि २०२४ सम्म फेब्रुअरी ४ को 'नारा क्लोजिङ द ग्याप ईन केयर' अर्थात क्यान्सरको उपचारमा हुने असमानताको अन्त गरौँ भन्दै मनाईदैछ। स्वास्थ्यप्रति चेतनशील रहने र नियमित स्वास्थ्य परीक्षण गर्ने जस्ता व्यक्तिगत एवं वातावरणीय सरसफाई, उचित खानपान तथा स्वस्थ जीवनयापन गर्नाले क्यान्सर रोगबाट जोगिन सकिन्छ। त्यसैगरी शुरुकै अवस्थामा रोग पत्ता लगाई उपचार गरेमा धेरैजसो क्यान्सर पूर्णतया निको पार्न सकिन्छ र दीर्घायु तथा मानवोचित, जीवनयापनमा सहयोग पुग्दछ।

# ‘विधेयक पारित गर्न दलहरुबीच सहमति आवश्यक’



*निर्वाचन प्रणाली पनि अत्यन्त खर्चिलो भएको छ । यसलाई नियन्त्रण गर्ने भन्ने विषय राजनीतिक नेतृत्वसँग गाँसिन्छ । एउटा उम्मेदवारले अन्धाधुन्ध खर्च गरेपछि अर्को उम्मेदवार पनि त्यसतर्फ जानुपर्ने बाध्यकारी स्थिति छ । पैसाका आधारमा नभई नीति, विचार र कार्यक्रममार्फत मत प्राप्त गर्नेतर्फ उम्मेदवार र नेतृत्व उन्मुख हुनुपर्छ । पैसाको लोभलालच दिएर मत तान्ने देखिएको प्रवृत्ति परिवर्तन र अन्त्य हुन आवश्यक छ ।*

***– सांसद हेमराज राई***

**रासस**
**काठमाडौँ ।**
सरकारले संसद्लाई क्रियाशील बनाउनेगरी संसद्मा विभिन्न विधेयक, प्रस्तावहरू छलफलका लागि ल्याएको खण्डमा मात्र संसद् पनि प्रभावकारी र सक्रिय हुन्छ । गत अधिवेशनमा सरकारले संसद्लाई पर्याप्त ‘बिजनेस’ दिन सकेन । बजेटबाहेकका विधायिकी ‘एजेण्डा’ संसद्लाई दिइएन । प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)का तर्फबाट कतिपय विषयमा संसद् अवरुद्ध गर्नुपर्ने बाध्यतासमेत देखापर्यो । मुलतः एक सय किलो सुन प्रकरणको विषयमा निष्पक्ष छानबिन गर्न आयोगको प्रस्ताव गरिएकामा सरकारले सुरुमा अस्वीकार गरेपछि बाध्यतावश सदन अवरुद्ध गर्नुपरेको थियो । यस घटनालाई लिएर प्रतिपक्षले संसद् चल्न दिएन भन्ने आरोप लगाइयो । पछि एउटा समझदारी कायम गरी संसद् सुरु गरियो, तर सरकारले अरु बिजनेस दिन सकेन । संसद् सञ्चालनलाई गरिमामय बनाउन गम्भीरतापूर्वक ध्यान दिइएन । गत अधिवेशन मिटरब्याजपीडितलाई राहत दिनेगरी ल्याइएको विधेयक पारित भयो । पीडित जनताको पक्षमा आएको त्यस विधेयकलाई संसद्ले पारित गरेको थियो । प्रमुख प्रतिपक्षको भूमिका सशक्त भएता पनि संसदीय अभ्यासमा कमजोरी र फितलो अनुभव रह्यो । आगामी अधिवेशनमा पनि एमालेबाट जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह हुनेछ । मुलुक र जनताको हितका लागि जिम्मेवार प्रतिपक्ष हुनुका नाताले राष्ट्रको स्वाभिमानलाई झुक्न नदिने र कानुन निर्माणमा एमालेले भूमिका खेल्नेछ । सभामुखको अग्रसरतामा आगामी संसद्ले कार्यतालिका बनाएर काम गर्ने भन्ने सुनिएको छ । सत्य निरुपण, सङ्घीय निजामती, प्रदेश प्रहरी र सम्पत्ति शुद्धीकरणसमेत संविधान, शान्ति सम्झौता र सङ्घीयता कार्यान्वयनसँग जोडिएका थुप्रै महत्त्वपूर्ण विधेयक पारित गर्नुपर्ने कार्यभार छ । यस्ता अन्तर्राष्ट्रिय सरोकार र मानवअधिकारसँग गाँसिएका विषयमा दलहरूबीच सहमति र समझदारी कायम गर्नुपर्छ, बहुमतका आधारमा टुङ्ग्याउने अवस्था आउन दिनुहुन्न ।

**संसद्मा कोरम नपुग्नु लज्जास्पद**

जनप्रतिनिधिका हैसियतले गाउँटोल, निर्वाचन क्षेत्र र जिल्लाका विकास निर्माणमा सांसदले दृष्टि पुर्याउनुपर्छ भन्ने आमजनताको मत छ । यो भावनालाई सम्बोधन गर्न विकासका साथै सामाजिककार्यमा पनि जनप्रतिनिधि संलग्न हुनुपर्ने बाध्यता छ । पार्टीको विभिन्न जिम्मेवारीमा खटिनुपरेका कारण सदन र विषयगत समितिका बैठकमा कहिलेकाहीँ संसद्मा उपस्थिति कमजोर देखिएको हुनसक्छ । तथापि विधायकको जिम्मेवारी भएकाले विधायिकी कार्य र राष्ट्रिय मुद्दामा हुने बहसमा सांसद केन्द्रित हुनुपर्छ । कतिपय बैठकमा २५ प्रतिशत सांसद पनि उपस्थित नभएका कारण कोरम नपुगेर बैठक स्थगित हुनु भनेको लज्जास्पद घटनाजस्तो लाग्छ । त्यसमा पनि बैठक सञ्चालन गर्ने मुख्य जिम्मेवारी सत्तापक्षकै हुन्छ, प्रतिपक्षले त कमीकमजोरी औँल्याउने र सतर्क गराउने हो । संसद्लाई व्यवस्थित र सघनरूपमा अघि लैजाने सन्दर्भमा सत्तापक्षबाटै बेवास्ता भएको देखिन्छ । सङ्ख्याको कारण बैठक स्थगित हुनु लज्जाको विषय हो, यसबारे पटक–पटक सत्तापक्षको ध्यानाकर्षण गरिएको छ ।

**भोजपुरको प्राथमिकता**

पूर्वी पहाडी जिल्ला भोजपुरलाई तराई र राष्ट्रिय सडक सञ्जालमा जोड्न सुनकोशी र दूधकोशी नदीमा ठूला पक्की पुलको आवश्यकता छ । दक्षिण र सदरमुकाम तथा दिङ्ला र सदरमुकाम जोड्ने पुल विकासका प्राथमिक आवश्यकता हुन् । मध्यपहाडी राजमार्गले भोजपुरलाई सडक सञ्जालको माध्यमबाट राजधानीलाई जोडेको छ । तराईसँग जोड्न सुनकोशीको पुल निर्माणलाई छिटो पूरा गर्नुपर्ने छ । जिल्लामा अन्य विषयहरूजस्तै शिक्षा, स्वास्थ्य, खानेपानी पनि विकासका प्राथमिकता हुन् । पहाडी जिल्ला भएकाले सडक दुर्घटनाको जोखिम रहेकाले प्रभावकारी उपचारसहितको व्यवस्था गर्न ट्रमा अस्पतालको माग गर्दै आएका छौँ । सुन्तला उत्पादनका हिसाबले भोजपुर मुलुकै स्थापित जिल्ला हो, त्यसको विकास र विस्तारमा पनि उत्तिकै ध्यान पुर्याउनुपरेको छ भने पछिल्लो समय कफी, चिया र अलैँचीको पनि धेरै सम्भावना देखिएको छ । सरकारले पकेट क्षेत्र घोषणा गरी सहुलियत ऋण सहयोग उपलब्ध गराएमा जनताको जीवनस्तर उकास्न योगदान पुग्नेछ ।

**भ्रष्टाचार न्यूनीकरण**

दलका नेता र नेतृत्व इमान्दार नहुँदाको परिणाम भ्रष्टाचार मैलाउन पुग्यो । कानुन परिपालना र व्यवहारमा इमान्दारिता देखिएन । इमान्दारिता प्रदर्शन नगरेको नेतृत्वलाई तह लगाउनेगरी कारबाही हुन सकेन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकायलाई स्वतन्त्र र अधिकारसम्पन्न बनाउन कानुन निर्माणमा राज्यको सक्रियता देखिन्न । त्यहाँ हुने नियुक्तिमा स्वतन्त्र र सही व्यक्तिको चयन गर्ने संयन्त्र बनाउन सकिएन । अनुगमन र मूल्याङ्कनको बाटोलाई बलियो तुल्याउन नयाँ प्रभावकारी कानुन तर्जुमा गर्नुपर्छ । आवश्यक कानुनी व्यवस्थाको अभाव र नेतृत्वपङ्क्तिमा इमान्दारिता कायम हुन नसक्दा भ्रष्टाचार बढ्ने र सुशासन कमजोर हुने परिस्थिति सिर्जना हुन पुग्यो । निर्वाचन प्रणाली पनि अत्यन्त खर्चिलो भएको छ । यसलाई नियन्त्रण गर्ने भन्ने विषय राजनीतिक नेतृत्वसँग गाँसिन्छ । एउटा उम्मेदवारले अन्धाधुन्ध खर्च गरेपछि अर्को उम्मेदवार पनि त्यसतर्फ जानुपर्ने बाध्यकारी स्थिति छ । पैसाका आधारमा नभई नीति, विचार र कार्यक्रममार्फत मत प्राप्त गर्नेतर्फ उम्मेदवार र नेतृत्व उन्मुख हुनुपर्छ । पैसाको लोभलालच दिएर मत तान्ने देखिएको प्रवृत्ति परिवर्तन र अन्त्य हुन आवश्यक छ । पैसा खर्च गरेर होइन, उम्मेदवारले नीति, विचार र कार्यक्रम व्याख्यामार्फत मत माग्ने सोच सबैले अघि बढाउनुपर्छ । निर्वाचनमा करोडौँ खर्च भएको छ, आगामी निर्वाचनमा फेरि उठ्न गर्नुपर्ने त्यसखाले तयारीले पनि भ्रष्टाचारलाई टेवा पुर्याएको छ । यो दुर्भाग्यपूर्ण कुरा हो । मुलुकमा प्रजातन्त्र बहालीपछि यतिका अवधिसम्म उद्योगधन्दाको विकास गर्न र युवापुस्तालाई रोजगारी दिन नसक्नु राज्यको कमजोरी हो । सूचना तथा सञ्चार क्षेत्रमा भएको तीव्र विकासले संसार एउटा गाउँमा परिणत भई आफ्नो योग्यता, क्षमता र रुचिका आधारमा विदेश जाने तथा दैनिक रोजीरोटीको जोहो गर्न बाध्यताले विदेश पलायन हुने दुईखाले अवस्था छ । विदेश गइयो भने आर्थिक उपार्जन हुनसक्छ र देश–विदेश घुम्न पाइन्छ भन्ने बुझाई र गर्व गर्ने संस्कृतिले मलजल गरेको छ, यो गलत छ । हाम्रा पाखुरी र पसिना आफ्नै देशमा लगाउनुपर्छ भन्ने राष्ट्रियताको सञ्चार र देशभक्ति प्रत्येक नेपालीमा हुनुपर्छ, त्यो खाले सांस्कृतिक अभियान चलाउनुपर्छ । बाध्यताले विदेश पलायन हुने अवस्थालाई अन्त्य गर्न औद्योगिकीकरणको गतिलाई तीव्र तुल्याउनुपर्छ । राष्ट्रियहितप्रति राजनीतिक नेतृत्व इमान्दार र समर्पित भएर लाग्नुपर्छ । यहाँ भएका अथाह प्राकृतिक स्रोतलाई नेपाल र नेपालीको हितमा प्रयोग गर्न सक्नुपर्छ । राष्ट्रिय हित र विकासप्रतिको चिन्तन तथा चुनावी घोषणाप्रति इमान्दार भएर लाग्न सम्पूर्ण राजनीतिक दलका नेतालाई आह्वान गर्दै नेपाली समाजलाई विदेश पलायन हुने चिन्तन फेर्न आग्रह गर्छु ।

**सांसद राईको परिचय**

भोजपुर टेम्केमैयुमका बासिन्दा सांसद राई विसं २०३० देखि विद्यार्थी आन्दोलनमा सक्रिय भई राजनीतिमा प्रवेश गरेका हुन् । विसं २०३४ मा को–अर्डिनेशन केन्द्रमा संलग्न एमालेका नेता राई विसं ३०३५÷३६ को विद्यार्थी आन्दोलनमा विराटनगर र विस २०४६ को जनआन्दोलनमा भोजपुरमा रही सक्रिय भए । उनी विसं २०४८ र २०५१ मा नेकपा (एमाले)का तर्फबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित पार्टी केन्द्रीय सदस्य हुन् । हाल समानुपातिक निर्वाचन प्रणाली आदिवासी जनजाति समूहबाट निर्वाचित उनीसँग करिब ११ वर्षको शिक्षण पेसा र विसं २०५५ मा उद्योगमन्त्री भई जिम्मेवारी सम्हालेको अनुभव छ ।

# सङ्घीय संसद्को अधिवेशन आजदेखि सम्पूर्ण तयारी पूरा



**रासस**
**काठमाडौँ ।**
प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले राज्यलाई आवश्यक परेका धेरैभन्दा धेरै विधेयक पारित गरी कार्यान्वयन गर्न जरुरी भएको बताएका छन् । साथै उनले आजदेखि हुने संसद् बैठकको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिएका छन् ।

आजदेखि हुने सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) को तेस्रो अधिवेशन तयारीबारे जानकारी लिएपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले हिँउदे अधिवेशनलाई प्रभावकारी तुल्याउन नयाँ समयसारिणी बनाएर काम गर्ने अठोट गरिएको बताए । सभामुख घिमिरेले भने, ‘त्यो अठोटलाई कार्यान्वयन गर्न अहिले १५ दिनको समयसारिणी बनाएर कार्यान्वयन गर्दै अघि बढ्ने प्रयत्न हुनेछ । त्यसपछि पनि सोहीअनुसार नै जाऔँ भन्ने तयारीका साथ अघि बढ्ने सोच छ । बजेट प्रस्तुति अघिको



छलफलका लागि कानुनी प्रबन्धसहित अध्यादेश आएको छ । त्यसअनुसार कार्यतालिका मिलाइने छ ।’ उनले आफूहरुले दिएका सुझावलाई सरकारले सकारात्मक ढङ्गले लिएको बताए । सभामुखले भने, ‘प्री बजेटका प्राथमिकता र सिद्धान्तमाथि पहिले छलफल गर्ने, त्यसमा आएका सुझावका आधारमा सदनमा बजेट प्रस्तुत गरिने छ ।’ संसद् अधिवेशनमा सरकारले विधेयकको कमी हुन नदिने जानकारी दिए । उनले भने, ‘सदनलाई बिजनेस दिएर लक्ष्यअनुरुप कानुन निर्माण गर्न सबैको प्रयत्न हुनुपर्छ । निराशा होइन, आशा जगाउनेतर्फ शिक्षा लिएर अघि जानुपर्छ ।’ हिउँदे अधिवेशन सञ्चालनका लागि प्राविधिक तथा भौतिक पूर्वाधार व्यवस्थापनको तयारी पूरा भएको सङ्घीय संसद् सचिवालयका सहायक प्रवक्ता दशरथ धमलाले जानकारी दिए ।

उनले भने, ‘सभामुखबाट विधेयकबारे कानुन, न्याय तथा संसदीय मामिलासम्बन्धी मन्त्रीसँग परामर्श भइसकेको छ । नियमितरुपमा गर्नुपर्ने सबै काम पूरा भएका छन् ।’ नेपालको संविधानले स्थायी, प्रबुद्ध समूहको प्रतिनिधित्व रहने माथिल्लो सदन राष्ट्रियसभा र तल्लो सदन प्रतिनिधिसभा रहने व्यवस्था गरेको छ ।

यस पटकदेखि अधिवेशनलाई कानुन निर्माणका हिसाबले प्रभावकारी र चुस्त तुल्याउन पाक्षिकरुपमा क्यालेण्डर बनाएर जानुपर्छ भन्नेमा दुवै सभामा तयारी भएको छ । तयारीका सन्दर्भमा हरेक १५–१५ दिनमा कार्यतालिका बनाउने र त्यसका आधारमा बैठक सञ्चालन गरिनेछ । यो हिँउदे अधिवेशनका लागि हाल सङ्घीय संसद्मा २४ विधेयक छन्भने १६ वटा विषयगत समिति छन् । हाल १५ विधेयकमा समितिमा दफावार छलफल भइरहेको छ ।

दवासी जनजाति समूहबाट निर्वाचित उनीसँग करिब ११ वर्षको शिक्षण पेसा र विसं २०५५ मा उद्योगमन्त्री भई जिम्मेवारी सम्हालेको अनुभव छ ।

# उपप्रधानमन्त्री खड्कासँग आयोगको छलफल



**रासस**
**काठमाडौँ ।**
प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले रिक्त रहेका विभिन्न २५ पदमा हुने उपनिर्वाचनका सम्बन्धमा उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्कासँग छलफल गरेका छन् । प्रमुख निर्वाचन आयुक्त थपलियाले आज सिंहदरबारस्थित रक्षामन्त्रालयमा उपप्रधानमन्त्री खड्कासँग हालै सम्पन्न राष्ट्रियसभा निर्वाचन र अब गर्नुपर्ने उपनिर्वाचनका विषयमा छलफल गरेका हुन् ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य र रक्त स्थानीय तहको उपनिर्वाचनका लागि आयोगले सरकारसँग परामर्श गर्ने संवैधानिक व्यवस्था छ । आयोगले यसअघि आगामी वैशाखभित्र उपनिर्वाचन गर्न सक्ने भन्दै सरकारलाई सुझाव दिइसकेको छ । विभिन्न कारणले रिक्त रहेका ती पदमा आयोगले उपनिर्वाचन गराउन लागेको हो । निर्वाचन आयोगका अनुसार हाल प्रतिनिधिसभा र प्रदेशसभा सदस्यमा एक÷एक पद रिक्त छन् । इलाम निर्वाचन क्षेत्र–२ बाट निर्वाचित नेकपा (एमाले)का सांसद सुवासचन्द्र नेम्वाङको गत भदौ २६ गते निधन भएको थियो भने सुदूरपश्चिम प्रदेश बझाङ निर्वाचन क्षेत्र नं १ प्रदेश १ बाट निर्वाचित नेपाली कांग्रेसका प्रदेशसभा सदस्य पृथ्वीबहादुर सिंहको सवारी दुर्घटनामा परी निधन भएपछि ती स्थानमा उपनिर्वाचन हुने भएको हो । आयोगका अनुसार हाल प्रतिनिधिसभा सदस्यमा एक, प्रदेशसभा सदस्यमा एक, जिल्ला समन्वय समिति प्रमुखमा दुई, नगर उपप्रमुखमा एक, गाउँपालिका अध्यक्षमा एक, गाउँपालिका उपाध्यक्षमा दुई र विभिन्न पालिकाका १७ वडा अध्यक्ष २५ रिक्त पद छन् । ती पदमा उपनिर्वाचनका लागि आयोगले उपप्रधानमन्त्री खड्कासँग आवश्यक छलफल गरेको उपप्रधानमन्त्री खड्काको सचिवालयले जनाएको छ ।

## फागुन २९ मा राष्ट्रिय सभा अध्यक्षको चुनाव

**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय सभा अध्यक्षको चुनाव आउँदो फागुन २९ गते हुने भएको छ । राष्ट्रिय सभा कार्यव्यवस्था समितिले तयार गरेको सम्भावित कार्यतालिकामा चुनाव हुने उल्लेख छ । राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाको समयावधि सकिएपछि पद रिक्त हुने भएपछि नयाँ अध्यक्ष चयन गर्नुपर्ने अवस्था आएको हो । राष्ट्रिय सभा चुनावमा सत्ता गठबन्धनमा रहेका दलहरूले संयुक्त उम्मेदवार उठाएका थिए । राष्ट्रिय सभा अध्यक्षको चुनावमा पनि गठबन्धन गर्ने सम्भावना छ ।

# सिमेन्ट उद्योग सुधारको अपेक्षा

**रासस**
**उदयपुर ।**
देशकै सबैभन्दा ठूलो पूर्ण सरकारी स्वामित्वमा रहेको उदयपुर सिमेन्ट उद्योगको प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले शनिबार अवलोकन गरेको उद्योग प्रशासनले जनाएको छ । दिनानुदिन सिमेन्ट उत्पादन घट्दै गएको र उद्योगका अधिकांश संयन्त्र जीर्ण बन्दै गएको अवस्थामा प्रधानमन्त्रीले अनुमगन गरेपछि उद्योग सुधार हुने अपेक्षा यहाँका नागरिकले गरेका छन् । उदयपुरको जलजलेमा स्थापना भई सञ्चालन हुँदै आएको उद्योग जीर्ण भएर बन्द हुन लागेको अवस्थामा प्रधानमन्त्रीले अवलोकन गरेपछि उद्योग पहिलाको क्षमताशील अवस्थामा फर्कने अपेक्षा स्थानीयले गरेका हुन् । उद्योगको अनुगमनपछि प्रधानमन्त्री दाहालले देशकै ठूलो सिमेन्ट उद्योगको संरक्षण तथा यसको सुधारका लागि सरकारले योजना बनाइरहेको भन्दै चाँडै योजना जारी गरेर नयाँ कार्यविधिबाट सञ्चालन गरिने बताएको उद्योगका महाप्रबन्धक खगेन्द्र बस्नेतले जानकारी दिए । उद्योगलाई सञ्चालन गर्न नयाँ योजना बनाइरहेको भन्दै यसलाई थप सबल बनाएर लान सरकार प्रतिबद्धता रहेको प्रधानमन्त्री दाहालले जनाएको उनले बताए । प्रधानमन्त्रीको भनाइलाई उद्धृत गर्दै महाप्रबन्धक बस्नेतले भने, ‘शनिबार प्रधानमन्त्रीले अनुगमनपछि उद्योग सुधारका लागि प्रतिबद्धता जनाउनुभएको छ । अब उद्योग सुधारका लागि सरकारको नीति कार्यान्वयन गर्दै पहिलाको अवस्थामा नै फर्काउने प्रयत्न गर्नेछौँ । यसमा उद्योग प्रशासन पनि कटिबद्ध छ ।’ प्रधानमन्त्री दाहालले उदयपुर सिमेन्ट उद्योगको संरक्षण गरी थप रोजगारीका अवसर सृजना गर्नुपर्ने भन्दै यसको सुधारका लागि सहयोग गर्न सरकार प्रतिबद्ध रहेको बताएका थिए ।

उद्योग सुधारप्रति प्रधानमन्त्रीको सकारात्मक धारणाप्रति नेकपा एमाले प्रदेश सदस्य राजकुमार राईले भने, ‘दिनानुदिन जीर्ण बन्दै गइरहेको उद्योगलाई सुधार गर्न प्रधानमन्त्रीको प्रतिबद्धता आएकाले अब पहिलाको अवस्थामा आउनसक्ने सम्भावना बढेर गएको छ । यहाँका जनतामा आश जागेको छ ।’ त्रियुगा नगरपालिकाका प्रमुख वसन्तकुमार बस्नेत तथा कांग्रेस उदयपुर पार्टी सभापति हिमाल कार्कीले भने, ‘प्रधानमन्त्रीले उद्योग सुधारमा प्रतिबद्धता जनाउनुका साथै नयाँ योजनाअनुसार अघि बढ्ने बताएका थिए ।’ जिल्लास्थित नेकपा एमालेका अध्यक्ष परमेश्वर घिमिरे, माओवादी केन्द्रका सचिव किरण राई, स्वतन्त्र बुद्धिजीवी तथा त्रियुगा जनता बहुमुखी क्याम्पस गाईघाटका पूर्वक्याम्पस प्रमुख रमेश रोकालगायतले प्रधानमन्त्री दाहालले दिएको प्रतिबद्धतापछि स्थानीयमा उद्योगले पुनःजीवन पाउने आश जगाएको बताए । विसं २०४४ मा जापान सरकारको सहयोगमा स्थापना भएको देशको सबैभन्दा ठूलो उदयपुर सिमेन्ट उद्योगले विसं २०४७ देखि नियमित उत्पादन गर्न सुरु गरेको थियो । विसं २०५० देखि २०६७ सम्म उद्योगले दैनिक आठसय मेट्रिक टन अर्थात् १६ हजार बोरा गैँडाछाप सिमेन्ट उत्पादन गर्दै आएको थियो । विसं २०६७ देखि २०७४ सम्म उत्पादन क्षमता वृद्धि गरेर नौ सय मेट्रिक टन अर्थात् अठार हजार बोरा सिमेन्ट उत्पादन गर्दै आए पनि हिजोआज उद्योग जीर्ण हुँदै गएपछि महिनामा एक हप्ता राम्ररी सञ्चानन हुन सकिरहेको छैन । झन्डै पाँच सय श्रमिक र कर्मचारीले रोजगारी पाइरहेको उद्योगले दैनिक २० लाखदेखि २५ लाख रुपैयाँको सिमेन्ट उत्पादन गरेर आम्दानी गर्दै आएको प्रशासन बताउँछ । एक वर्षयतादेखि उद्योग सञ्चालनमा समस्या भइरहेको, अधिकांश मेसिनरी सामान जीर्ण अवस्थामा रहेका, व्यवस्थापनलगायत काममा समस्या आइरहेको उद्योगका कर्मचारी तथा मजदुर बताउँछन् ।

# नेप्सेमा गिरावट

**रासस**
**काठमाडौँ ।**
यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक पाँच दशमलव ३१ अङ्कले घटेर दुई हजार ६१ दशमलव ७० को बिन्दुमा कायम भएको हो । आइतबार विभिन्न कम्पनीका तीन सय सात कम्पनीको ९२ लाख ७२ हजार सात सय ८२ कित्ता शेयर ७० हजार सात सय ९० पटक खरिदबिक्री हुँदा तीन अर्ब २१ करोड ६७ लाख २७ हजार दुई सय २१ रुपैयाँ बराबरको कारोबार भएको छ । विकास बैंक शून्य दशमलव ६६, वित्त समूह शून्य दशमलव ४०, लगानी समूह शून्य दशमलव ०९ र निर्जीवन बीमा समूहको उपसूचक शून्य दशमलव ५१ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै अन्य समूहको उपसूचक एक दशमलव ०४ र जीवन बीमा समूहको उपसूचक शून्य दशमलव ५४ प्रतिशतले घटेको छ । युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ भने महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा पाँच दशमलव ३७ प्रतिशतको गिरावट आएको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको ३३ करोड ५८ लाख ३२ हजार आठ सय नौ रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको पाँच लाख २५ हजार ५८ कित्ता शेयर किनबेच भएको छ ।

# श्रीलङ्काको आर्थिक सङ्कट ‘बिस्तारै’ कम हुँदै

**एएफपी**
**कोलम्बो ।**
विदेशी मुद्रा सञ्चितिको चरम अभाव अनि ऋण तिर्ने क्षमता खस्किएका कारण सुरु भएको श्रीलङ्का अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को जमानत नियमनसम्बन्धी मितव्ययितापछि ‘बिस्तारै’ अति खराब आर्थिक सङ्कटबाट बाहिर आइरहेको श्रीलङ्काका राष्ट्रपतिले आइतबार स्वतन्त्रता दिवसका अवसरमा गरिएको सम्बोधनमा बताएका छन् ।

राष्ट्रपति रानिल विक्रमासिङ्घेले ‘आर्थिक रूपमा दिवालिया राष्ट्रको प्रतीक बनाइएको अपमान’ को स्मरण गर्दै परम्परागतरूपमा आयोजना गरिने वार्षिक सम्बोधनमा उनले बिस्तारै’ अति खराब आर्थिक सङ्कटबाट बाहिर आइरहेको बताएका हुन् । सन् २०२२ मा ४६ अर्ब अमेरिकी डलर बराबरको विदेशी ऋण नतिरेपछि श्रीलङ्का विदेशी मुद्रामा आएको कमीका कारण खाद्यान्न, इन्धन र अन्य अत्यावश्यक वस्तु आयात गर्न असमर्थ भएको थियो । आर्थिक सङ्कटको चरमोत्कर्षमा श्रीलङ्कामा गरिएको महिनौँको नागरिक आन्दोलनको बलमा तत्कालीन राष्ट्रपति गोटाबाया राजापाक्षलाई पदच्युत गरिएको थियो ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले गत वर्ष मार्चमा श्रीलङ्कालाई सुधार कार्यक्रमअन्तर्गत दुई अर्ब ९० करोड अमेरिकी डलर बराबरको चार वर्षे कर्जाको पहिलो किस्ता जारी गरेको थियो ।

सेन्ट्रल बैंक अफ श्रीलङ्काको तथ्याङ्कअनुसार सरकारले जमानत कर्जालाई कायम राख्न आईएमएफका शर्तअनुसार कर बढाएपछि गत महिना मूल्यमा छ प्रतिशतभन्दा बढीको वृद्धि भएको थियो । बैङ्कका अनुसार ६.४ प्रतिशतको वृद्धि डिसेम्बरमा देखिएको ४.० प्रतिशतको तुलनामा निकै बढी हो ।

यद्यपि, सन् २०२२ मा श्रीलङ्काको वित्तीय सङ्कटको चरम बिन्दुमा मुद्रास्फीति लगभग ७० प्रतिशतमा पुगेको थियो । अहिलेको मुद्रास्फीति त्यतिवेलाको स्तरको दशौं हिस्साभन्दा पनि कम हो ।

# इमरान खानकी बहिनीविरुद्ध ‘राज्यविरोधी’ अनुसन्धान

**एएनआई**
**इस्लामाबाद ।**
पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानकी बहिनी अलिमा खानलाई सङ्घीय अनुसन्धान एजेन्सी (एफआइए) ले ‘राज्यविरोधी’ भाषणको आरोपमा बोलाएको दि एक्सप्रेस ट्रिब्युनले बताएको छ । एफआइएले कथितरूपमा जनता र पाकिस्तानी सशस्त्र बलबिच ‘विभाजन सिर्जना’ गरेको आरोपमा अलिमाविरुद्ध अनुसन्धान सुरु गरेको छ र फेब्रुअरी ६ को बिहान ११ बजे (स्थानीय समय) उनलाई बोलाएको छ । एजेन्सीका सहायक निर्देशक अनुसन्धान एजाज अहमद शेखले जारी गरेको सूचनामा गृह मन्त्रालयलको अनुरोधमा एफआइए शाखा अधिकृतले अलिमाविरुद्ध अनुसन्धान सुरु गरेको बताइएको छ । एक्सप्रेस ट्रिब्युनले शनिबार दिएको जानकारीअनुसार सूचनामा अलिमालाई ‘आपराधिक षड्यन्त्र र राज्यविरोधी भाषणमार्फत जनता र सेनाबिच विभाजन सिर्जना गरेको’ आरोप लगाइएको र उनी इस्लामाबादमा एफआइएको मुख्यालयमा हाजिर हुनुपर्ने उल्लेख छ । सूचना पाकिस्तानको आपराधिक प्रक्रिया संहिता (सिआरपिसी) को धारा १६० अन्तर्गत जारी गरिएको थियो र अलिमाले सोधपुछमा आफ्नो उपस्थिति सुनिश्चित गर्नुपर्नेछ अन्यथा कानुनी कारवाही गरिनेछ भन्ने उल्लेख गरिएको थियो । अलिमालाई सूचना उनको लाहोरस्थित निवासमा प्राप्त भएको छ । इमरान खानकी बहिनीले कथितरूपमा समाजमा ‘डर र आतङ्क’ फैलाएको आरोपमा एफआइए साइबर अपराध शाखाले जारी गरेको बोलावटलाई बेवास्ता गरेकी थिइन् । एक्सप्रेस ट्रिब्युनको रिपोर्टअनुसार यसअघि एफआइएले कथितरूपमा न्यायाधीशहरू र संस्थाहरूलाई लक्षित गरी दुर्भावनापूर्ण अभियान चलाउनका लागि विभिन्न पत्रकार र सामाजिक सञ्जाल कार्यकर्तासहित ६५ जनालाई बोलाइएको थियो । विवरणअनुसार ‘सामाजिक सञ्जालमा प्रधानन्यायाधीश, वरिष्ठ न्यायाधीशहरू र राज्य संस्थाहरू विरुद्ध अपमानजनक र गलत जानकारी दिने नकारात्मक अभियान चलाउने विरुद्ध एफआइए पूर्णरूपमा सक्रिय भएको थियो ।’

यसैबिच पाकिस्तान तेहरिक–ए–इन्साफ (पिटिआई) का संस्थापक पूर्वप्रधानमन्त्री खान कानुनी समस्याहरूको सूचीबाट गुज्रिरहेका छन् । सन् २०२२ अप्रिलमा अविश्वासको प्रस्तावमा प्रधानमन्त्रीबाट बर्खास्त गरिएका उनी हाल अडियालामा कारागारमा छन् । पाकिस्तानको एक उत्तरदायित्व अदालत (एसी) ले तोशाखाना मुद्दामा इमरान खान र उनकी श्रीमतीलाई १४ वर्षको कारागार सजाय सुनाएको छ । ट्रायल अदालतले पनि ‘गैर–इस्लामिक निकाह’ मुद्दामा खान र उनकी श्रीमती बुशरा बिबीलाई सात वर्षको कारागार सजाय सुनाएको छ । यसअघि जनवरी ३० मा आधिकारिक गोप्य ऐनअन्तर्गत गठित विशेष अदालतले पूर्वप्रधानमन्त्री खान र पूर्वविदेशमन्त्री शाह महमुद कुरेशीलाई सिफर मुद्दामा १० वर्षको कारगार सजाय सुनाएको थियो । जनवरीमा पाकिस्तानको सर्वोच्च अदालतले पाकिस्तान तेहरिक–ए–इन्साफको निर्वाचन चिह्न ‘ब्याट’ हटाउने पाकिस्तानको



निर्वाचन आयोगको निर्णयलाई कायम राखेपछि फेब्रुअरी ८ मा हुने निर्वाचनमा पिटिआईको सम्भावना झनै खस्किएको छ ।

# साफ च्याम्पियनशिपः नेपालले भूटानलाई हरायो

**रासस**
**काठमाडौँ ।**
दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यू–१९ महिला च्याम्पियनसिपअन्तर्गत आइतबार भएको खेलमा नेपाल भुटानलाई पराजित गर्दै विजयी भएको छ । बङ्गलादेशको ढाकास्थित बिएसएसएस मोस्ताफा कमल रङ्गशालामा भएको खेलमा नेपालले भूटानमाथि १–० गोलको जित निकालेको हो । यस जितसँगै नेपालले प्रतियोगितामा शीर्ष तीन अङ्क जोडेको छ । नेपालको जितमा सेनु परियारले गोल गरिन् । उनले खेलको ५४औँ मिनेटमा गरेको एक गोल नै नेपालका लागि निर्णायक गोल साबित भयो । यसअघि भएको पहिलो खेलमा आयोजक बङ्गलादेशसँग नेपाल ३–१ गोलअन्तरले पराजित भएको थियो । यता भूटान भने पहिलो खेलमा भारतसँग पराजित भएको थियो । नेपाल, बङ्गलादेश, भूटान र भारत सहभागी प्रतियोगितामा अङ्क तालिकाको शीर्ष दुई टोली फाइनलमा पुग्नेछन् । नेपालले आफ्नो तेस्रो खेल यही माघ २३ गते भारतसँग खेल्नेछ ।

# निर्माणाधीन बाह्रबिसे सबस्टेसन अन्तिम चरणमा



**रासस**
**काठमाडौँ ।**
सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिकामा निर्माणाधीन उच्च क्षमताको सबस्टेसन निर्माण अन्तिम चरणमा पुगेको छ । दुई महिनाभित्र पूरा गर्ने लक्ष्यसहित २२०/१३२ केभी क्षमताको सबस्टेसन निर्माण सक्ने गरी काम अघि बढाइएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार सबस्टेसनमा राखिने २२०/१३२ केभी, १६० एमभीए र १३२/११ केभी, ५ एमभीएका पावर ट्रान्सफर्मरहरु जडान भइसकेका छन् । ग्यास इन्सुलेटेड प्रणाली (जिआइएस) प्रविधिमा आधारित सबस्टेसनका उपकरणहरु जडान अन्तिम चरणमा छ । नियन्त्रण कक्षमा रहने सम्पूर्ण उपकरणहरु निर्माणस्थलमा आपूर्ति भइसकेका छन् ।

‘उपकरणहरुको जडान धमाधम भइरहेको छ । २२०/१३२ केभी सबस्टेसन निर्माणको समग्र प्रगति करिब ९५ प्रतिशत छ । बाह्रबिसेमै चार सय केभीको अर्को सबस्टेसन पनि निर्माणाधीन छ’, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भने । विद्युत प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत कम्पनीको अगुवाइमा सिन्धुपाल्चोकमा निर्माण गरिएको एक सय दुई मेगावाटको मध्यभोटेकोशी जलविद्युत् आयोजनाबाट उत्पादित विजुली यही सबस्टेसनमा जोडिने छ । मध्यभोटेकोशीबाट उत्पादित विद्युत् २२० केभी प्रसारण लाइनमार्फत बाह्रबिसे सबस्टेसनमा जोडिनेछ । आयोजनाले आफ्नो विद्युतृगृहको स्वीच यार्डबाट बाह्रबिसे सबस्टेसनसम्मको करिब चार किलोमिटर लामो २२० केभी सिङ्गल सर्किट प्रसारण लाइनको टावर निर्माण गरिसकेको छ । प्रसारण लाइनको करिब २ किलोमिटर तार तानिएको छ । आयोजनाले बाह्रबिसे नगरपालिका–३ र ४ स्थित पलाँतीका स्थानीय बासिन्दाको अवरोधका कारण २ किलोमिटर तार तान्न सकिरहेको छैन । हाल मध्यभोटेकोशी जलविद्युत आयोजनाका संरचनाहरुको निर्माण सम्पन्न गरी परीक्षण भइरहेका छन् । आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्न नसकेर खेर जाने अवस्था आउन नदिन बाह्रबिसे सबस्टेसन जतिसक्दो छिटो सम्पन्न गर्नु पर्ने दबाबमा प्राधिकरण छ । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङ, प्रसारण निर्देशनालयका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठ र आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक ताराप्रसाद प्रधान सम्मिलित प्राधिकरणको उच्चस्तरीय टोलीले शनिबार सबस्टेसन निर्माणस्थलको अनुगमन गरी बाँकी कामहरु तत्काल सम्पन्न गर्न निर्देशन दिएको छ । टोलीले आयोजना व्यवस्थापन र निर्माण व्यवसायीसँग निर्माणमा देखिएका समस्या, उपकरण आपूर्तिको अवस्था, निर्माण सम्पन्न हुने तालिका, प्रसारण लाइनमा भइरहेको अवरोध हटाउन स्थानीयसँग छलफल गरेको थियो । साथै, टोलीले मध्यभोटेकोशी जलविद्युत् आयोजनाको पनि भ्रमण गरी हाल भइरहेका परीक्षणका कार्यहरुको जानकारी लिएको थियो । कार्यकारी निर्देशक घिसिङले उपकरणहरु सम्पूर्ण आपूर्ति भइसकेको र केही जडान पनि अन्तिम चरणमा पुगेको अवस्थामा जनशक्ति अझै थप गरी दुई महिनाभित्रमा सबस्टेसन निर्माण सम्पन्न गर्न निर्देशन दिए । ‘सबस्टेसन निर्माणको पछिल्लो चरणको प्रगति सन्तोषजनक नै देखिएको छ । नयाँ खिम्ती–बाह्रबिसे र बाह्रबिसे लप्सीफेदी (काठमाडौँ) प्रसारण लाइन निर्माण पनि अन्तिम चरणमा पुगेको छ’, कार्यकारी निर्देशक घिसिङले भने, ‘अन्य कुनै समस्या नआएमा निर्माण आगामी २/३ महिनाभित्र सम्पन्न हुने अवस्था बनेको छ । त्यसैले सबैले आ–आफ्नो तर्फबाट अन्तिम पहल र कोसिस गरौँ ।’ बाह्रबिसे सबस्टेसन निर्माण ठेक्का पाएका चिनियाँ कम्पनीहरू ग्वाङ्सी ट्रान्समिसन एण्ड सबस्टेसन कन्ट्रक्सन तथा सेन्जेन क्लाउ इलेक्ट्रोनिक्सको संयुक्त उपक्रमको कमजोर कार्यसम्पादन, कोभिड–१९ महामारीलगायतका कारण सबस्टेसनको निर्माण ढिलाइ हुँदै आएको छ । प्राधिकरणले मध्यभोटेशीको विद्युत् प्रवाहका लागि अस्थायी रूपमा वैकल्पिक व्यवस्था गरेको छ । तर, त्यसका लागि पनि २२०/१३२ केभी बाह्रबिसे सबस्टेसनको निर्माण अनिवार्य छ । कूल २२ मेगावाटको माथिल्लो चाकू ए जलविद्युत् आयोजनाको प्रवद्र्धक कम्पनी शिवश्री हाइड्रोपावरले निर्माण गरेको १३२ केभी सिङ्गल सर्किट प्रसारण लाइनलाई डबल बनाउन लागिएको छ । शिवश्री हाइड्रोपावरले लामोसाँघु सबस्टेसनबाट बाह्रबिसेसम्म बनाउनुपर्ने लाइनको काम तत्काल सुरु गर्न प्राधिकरणको उच्चस्तरीय टोलीले आग्रह गरेको छ । कम्पनी करिब १० किलोमिटर लाइनमध्ये सात किलोमिटर तार तान्नुपर्ने छ भने बाह्रबिसे बजार नजिकबाट सबस्टेसनसम्म करिब तीन किलोमिटर नयाँ प्रसारण लाइन बनाउनु पर्ने छ । यसका लागि प्रसारण लाइनका सम्पूर्ण उपकरणहरु आपूर्ति भइसकेका छन् । आठ वटा टावरमध्ये पाँच वटाको जग हालिसकिएको छ । तामाकोशी तथा सुनकोशी नदी र ती नदीका सहायक खोलानालाको जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्न तामाकोशी–काठमाडौँ प्रसारण लाइन र सबस्टेसन निर्माण सुरु गरिएको हो । एसियाली विकास बैंकको सहुलितपूर्ण ऋणमा प्रसारण लाइन तथा सबस्टेसनको निर्माण भइरहेका छन् । तामाकोशी–काठमाडौँ २२०/४०० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत रामेछापस्थित नयाँ खिम्ती सबस्टेसनबाट बाह्रबिसेसम्म ४२ किलोमिटर प्रसारण लाइन निर्माणाधीन छ । प्रसारण लाइनमा पर्ने एक सय १८ वटा टावरमध्ये आठ वटाको मात्र निर्माण बाँकी छ । त्यसमध्ये सात वटा टावर सिन्धुपाल्चोकमा वन क्षेत्रमा निर्माण गर्नुपर्ने छ । एउटा टावर नयाँ खिम्ती सबस्टेसन नजिक स्थानीयको अवरोधका कारण निर्माण हुन सकिरहेको छैन । प्रसारण लाइनको ३० किलोमिटर तार तानिएको छ । यो खण्ड निर्माणको जिम्मा पाएको ठेकेदारले समस्या समाधान भएमा तीन महिनाभित्रमा काम सक्ने बताएको छ । त्यस्तै बाह्रबिसेबाट काठमाडौँको लप्सीफेदीसम्मको ४६ किलोमिटर चार सय केभी डबल सर्किट प्रसारण लाइन पनि निर्माणाधीन छन् । ४६ किलोमिटर प्रसारण लाइनमा पर्ने एक सय २२ वटा टावरमध्ये लप्सीफेदीका स्थानीयको अवरोधका कारण चार वटा टावर निर्माण बाँकी छ ।



# होमियोप्याथीप्रति नागरिकको विश्वास बढ्दो



**रासस**
**ललितपुर ।**
पछिल्लो समय होमियोप्याथी उपचार पद्धतिप्रति नागरिकको विश्वास बढेको भए पनि सेवा अपुग रहेको पाइएको छ । नेपालमा सङ्घीय सरकारको स्वामित्वममा रहेको ललितपुरस्थित पशुपति होमियोप्याथी चिकित्सालय मात्र सीमित छ ।

चिकित्सालयमा पाँच जना चिकित्सकको दरबन्दी रहेकामा तीन जना मात्रै कार्यरत रहेका चिकित्सालयका प्रमुख डा प्रेमनारायण श्रीवास्तवले जानकारी दिए । उनका अनुसार अन्य कर्मचारीमा नर्सिङ स्टाफ चार, सिअहेव दुई, प्रशासनतर्फ सुब्बा एक, सहलेखापाल एक, कार्यालय सहयोगी पाँच, कम्प्युटर सहायक एक गरी १४ जना कार्यरत छन् । यहाँ दैनिक एक सय ५० देखि दुई सय जनासम्म बिरामी उपचारका लागि आउने गरेको डा श्रीवास्तवले जानकारी दिए । 'पछिल्लो समय नागरिकमा होमियोप्याथी उपचार पद्धतिप्रति विश्वास बढ्े पनि जनशक्ति, आधुनिक उपकरण, आर्थिक अभावलगायत कारणले सेवा पुर्याउन समस्या भइरहेको छ' उनले भने । अहिले प्रदेश सरकारले प्रदेशमा होमियोप्याथी उपचार पद्धति अपनाउन थालेका डा श्रीवास्तवले बताए । 'एक जना अघोरी बाबाले राजा त्रिभुवनको सवारी हुँदा होमियोप्याथी उपचार पद्धतिलाई अगाडि बढाउन सुझाव दिएका थिए । विसं २०१० मा राजाले सरकारीस्तरमा श्री पशुपति होमियोप्याथिक चिकित्सालयको स्थापना गर्नुभएको थियो' उनले भने । यस चिकित्सा पद्धतिका लागि समयसापेक्ष ल्याब, आधुनिक उपचारका लागि उपकरण, शैया सञ्चालनका लागि भौतिक पूर्वाधारको अभाव, आवश्यक जनशक्ति तथा भवनको अभावलगायत कारणले सेवा प्रवाहमा समस्या भइरहेको चिकित्सालयका प्रमुख डा श्रीवास्तवले जानकारी दिए । 'आवश्यक जनशक्ति, पूर्वाधार, उपकरणलगायतको मागसहित विसं २०७६ मा सरकारलाई योजना बनाएर बुझाएका छौँ' उनले भने, 'अहिलेसम्म दुई चरणमा बैठक बसे पनि केही उपलब्धि हुन सकेको छैन ।'

नेपालमा एकमात्र होमियोप्याथी चिकित्सा विद्यालय विराटनगरमा रहेको भन्दै श्रीवास्तवले उक्त विद्यालय हाल बन्द रहेको बताए । उनका अनुसार उक्त विद्यालयबाट करिब ६० विद्यार्थीले पास गरेका थिए । पशुपति होमियोप्याथी चिकित्सालयका प्रमुख डा श्रीवास्तवमा अनुसार होमियोप्याथी उपचार प्राकृतिक नियममा आधारित छ । डा श्रीवास्तवका अनुसार होमियोप्याथी चिकित्सामा विभिन्न रोगको उपचार गर्नका लागि वनस्पति, जैविक, खनिजलगायत प्राकृतिक पदार्थलाई अत्यन्त सुक्ष्ममात्राको उपयोग गरिन्छ । यो चिकित्सा प्रणाली अत्यन्त सरल, प्रभावकारी र नकारात्मक असररहित हुने डा श्रीवास्तवको भनाइ थियो । 'यसमा बिरामीको मानसिक, शारीरिक, स्वाद र भावनात्मकलगायत लक्षणका आधारमा औषधि सेवन गराएर उपचार गरिन्छ' उनले भने । पशुपति होमियोप्याथी चिकित्सालयमा मानसिक रोग, नाक, कान, घाँटीसम्बन्धी, हाडजोर्नी, बाथ तथा छालासम्बन्धी, पाचन प्रणाली, महिला तथा बालरोग, पिनास, श्वासप्रश्वास, दमलगायतको उपचार गरिने डा श्रीवास्तवले जानकारी दिए ।

**नेपालमा होमियोप्याथीको अवस्था**
होमियोप्याथीलाई विश्वस्वास्थ्य सङ्गठनको सर्वेक्षणअनुसार वैकल्पिक चिकित्सा पद्धति मानिन्छ । विशेषगरी दीर्घ रोगको उपचारमा यो पद्धति लाभदायक हुने चिकित्सकहरु बताउँछन् । होमियोप्याथी उपचार जर्मनीबाट सुरु भई बेलायत, फ्रान्स हुँदै भारतमा आएको थियो । भारतबाट नेपाल भित्रिएको जनाकारहरु बताउँछन् । सरकारबाट कुनै पनि सेवासुविधा तथा रोजगारीको सुनिश्चितता नभएपछि विराटनगरमा रहेको होमियोप्याथी चिकित्सा विद्यालय बन्द भएको चिकित्सकको गुनासो छ । कानुनी जटिलताका कारण उक्त विद्यालय बन्द हुन पुगेको डा श्रीवास्तवले बताए । विद्यालय सञ्चालनका लागि तिनै तहका सरकारले पहल गर्नुपर्ने उनको भनाइ थियो । महामारीका रुपमा फैलिएको कोभिड–१९ को उपचारमा होमियोप्याथी उपचार विधि प्रयोग गरिएको थियो । विसं २०७६÷७७ मा ८७ हजार ७१ जनाले पशुपति होमियोप्याथी चिकित्सालयबाट उपचार लिएका प्रमुख डा श्रीवास्तवले जानकारी दिए । उनका अनुसार विसं २०७९÷८० मा उपचार गराउनेको संख्या ३९ हजार नौ सय ३५ छन् । यो तथ्याङ्कले उपचार गराउनेको विश्वास बढेपनि संख्या घट्दै गएको छ । जनशक्तिका साथै उपकरण तथा आवश्यक संरचनाको अभावले सेवा दिन समस्या हुँदा सेवाग्राही कम हुँदै गएका डा श्रीवास्तवको भनाइ थियो । उनका अनुसार हाल नेपालभरि विभिन्न सङ्घसंस्था तथा प्रदेश सरकारद्वारा १६ वटा निःशुल्क होमियोप्याथी क्लिनिक तथा चार सय ५० निजी क्लिनिक छन् । प्रमुख डा श्रीवास्तवले भने, 'चिकित्सालयमा मानिस सुविधा खोज्छन् । यस चिकित्सालयमा उपचारदेखि औषधिसम्म निःशुल्क दिने गरेका छौँ ।'

**होमियोप्याथी उपचारका फाइदा**
चिकित्सालयका प्रमुख डा श्रीवास्तवका अनुसार यो उपचार पद्धति करिब दुई सय २४ वर्ष पुरानो हो । 'अहिलेसम्म होमियोप्याथी उपचारसम्बन्धी कुनै किसिमको नकारात्मक असर अध्ययन गर्दा देखा परेको छैन । यो समरूपताको सिद्धान्तमा आधारित छ' उनले भने । श्रीवास्तवका अनुसार होमियोप्याथी साधारण, सस्तो र प्रभावकारी उपचार पद्धति हो । 'औषधि सेवन गर्नुपूर्व कुनै होमियोप्याथी चिकित्सकसँग परामर्श गरेरमात्र सेवन गर्नुपर्छ । चिकित्सकले धेरै कुरामा विचार गरी पछिल्लो जीवनशैलीबारे जानकारी लिएपछि मात्रै औषधि दिन्छन् । यसले गर्दा रोग छिटो ठीक हुन्छ' उनले भने । डा श्रीवास्तवका अनुसार मधुमेह (डायबिटिज), बाथ, ग्यास्टिक, उच्च रक्तचाप (ब्लड प्रेसर)का बिरामीले औषधि खाँदा काँचो प्याज, अदुवा, हिङ, लसुन, पेयपदार्थ, चुरोटलगायत हानिकारक वस्तु सेवन नगरेमा रोग छिटो निको हुन्छ ।

**तिनै तहका सरकारको दायित्व**
होमीयोप्याथी चिकित्सा प्रणाली सस्तो एवं सरल प्रक्रियाद्वारा प्रयोग गर्न सकिने भएकाले हाम्रोजस्तो विकासोन्मुख मुलुकका लागि अतिउपयोगी शिक्षा प्रणाली भएको डा श्रीवास्तवले बताए । 'अन्य चिकित्सा पद्धतिको विकासमा जसरी सरकार केन्द्रित छ, त्यसरी नै होमीयोप्याथी अस्पतालको पनि विस्तार गर्दै लैजाने गरी तिनै तहका सरकारले नीति बनाउनुपर्छ' उनले भने । यस पद्धतिप्रति जनआकर्षण बढ्दै गएको भन्दै थप जनचेतना फैलाउँदै देशका विभिन्न स्थानमा स्वास्थ्य शिविर सञ्चालन, प्रचारप्रसारलगायत काम गर्नुपर्ने जरुरी देखिएको छ । होमियोप्याथि चिकित्सा प्रणालीको प्रतिवादक जर्मनीका डा क्रिश्चियन स्यामुयल हैनिमेन हुन् । हैनिमेनले सन् १७९६ मा होमियोप्याथि उपचार पद्धतिको खोज गरेका यसलाई स्थापित गर्नुभएको थियो । प्रत्येक वर्ष हैनिमेनको जन्मजयन्तीका दिन १० अप्रिलमा विश्व होमियोप्याथी दिवस मनाउने गरिन्छ ।

# एचपीभी खोप दिने सरकारको तयारी

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले सन् २०२४ को अन्तिमदेखि १४ वर्षसम्मका सबै किशोरीलाई एचपीभी खोप दिने तयारी गरेको छ । गएको भदौदेखि 'डेमोस्ट्रेसन' कार्यक्रमका रूपमा सुरु गरिएको पाठेघरको मुखको क्यान्सर गराउने 'ह्युमन प्यापिलोमा भाइरस'विरुद्धको खोप अब लक्षित उमेरका सबैलाई दिन लागिएको हो । नियमित खोप तालिकामा समेटेर १० देखि १४ वर्षसम्मका बालिका÷किशोरीलाई सो खोप दिने तयारी गरिएको स्वास्थ्य सेवा विभागले जानकारी गराएको छ । भदौ २७ गतेदेखि झन्डै १५ दिनसम्म सञ्चालन गरिएको एचपीभी खोपको कार्यक्रममा १४ पूरा भई १५ वर्ष ननाघेका किशोरीलाई सो खोप दिइएको थियो । त्यसअन्तर्गत नौ हजार ९८० जनाले खोप लगाएको स्वास्थ्य सेवा विभागअन्तर्गत खोप शाखाको तथ्यांक छ । पहिलो डोज लगाएकालाई दोस्रो मात्रा आउँदो फागुन अन्तिमदेखि चैतसम्म दिने सरकारको तयारी छ । यसैबीच, विश्व क्यान्सर (अर्बुद) दिवस क्यान्सरविरुद्धको विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाइएको छ । यस दिवस हरेक वर्षको फेबुरअरी ४ तारिखका दिन मनाइन्छ । 'बढ्दैछ चुनौती क्यान्सरको, पहुँच बढाऔँ स्याहारको' भन्ने नाराका साथ नेपालमा पनि विभिन्न सचेतनामूलक कार्यक्रम गरी यो दिवस मनाइएको हो । अर्बुद रोग भनेको शरीरको कोश या कोशिकाहरूको समूहको अस्वाभाविक वृद्धि हो । यदि यसलाई समयमै नष्ट गरिएन या हटाइएन भने शरीरभरि नै यो रोग फैलिन्छ र अन्ततः मृत्युको कारण नै बन्न पुग्छ । यस रोगको उपचार शल्यक्रिया, केमोथेरापी, रेडियोथेरापी अथवा यी तीनै विधि एकसाथ प्रयोग गरेर प्रारम्भिक अवस्थामा अर्बुद रोगको उपचार गर्न सकिन्छ । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)का अनुसार सन् २०२२ मा करिब एक करोड व्यक्तिको मृत्यु अर्बुद रोगका कारण भएको छ । डब्लुएचओका अनुसार अर्बुद रोगबाट हुने मृत्युमध्ये पनि करिब एकतिहाइ सुर्तिजन्य पदार्थको प्रयोग, मोटोपन, मदिरा सेवन, फलफूल तथा तरकारीको कम सेवन र शारीरिक क्रियाकलापको अभ्यास कमीका कारण हुने गरेको छ । यस्तै सबैभन्दा धेरै फोक्सोको अर्बुद रोग देखिएको छ । स्तन, प्रोस्टेट, कोलोरेक्टम, पेट, कलेजो र मूत्राशयमा अर्बुद रोग बढी हुने गरेका छन् । नेपालमा अर्बुद रोगका बिरामीको यकिन तथ्याङ्क नभए पनि डब्लुएचओका अनुसार नेपालमा पाठेघरको मुख, स्तन र फोक्सोमा हुने अर्बुदका कारण धेरै महिलाको मृत्यु हुने गरेको छ । यस्तै पुरुषमा फोक्सो, पेट र कलेजोमा अर्बुदको रोग बढी हुने गर्छ ।

**Shree kali janjyoti Rastriya Aadharbhut Vidhalaya**
**Shantipur- 04**
Madhesh pradesh, Nepal

**Invitation for Bids No:**

**First Date of publication: 05/02/2024(2080-10-22)**

| S.N. | contract id no | Descriptions of works | Bid validity period | Estimated Amount withoutVAT and PS | Bid bond Amount | Non refundable fee | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | 01/KSC/NCB/Works /2080/081 | Construction of Academic Block of Shree Kali jan jyoti Rastriya Aadharbhut Bidyalaya, shantipur-4 | 90 days | Rs. 11763722.53 | Rs.2,95,000 | Rs.3000 | |

**Further Information to bidders:-**

| | |
|---|---|
| Last date and Time bid Submission | 06/03/2024(2080/11/06)upto 12Noon |
| Date,Time and place of bid opening | 06/03/2024(2080/11/06)2pm at shree kali janjyoti Rastriya Aadharbhut Vidhalaya Dhanusha |
| Bid security Validity period | 30 days beyond bid validity period |
| Account No. for bid document purchase | Name of the Bank:- NMB Bank, Name of Office:- : shree kali janjyoti Rastriya Aadharbhut Vidhalaya, Dhanusha. Rajaswa (revenue) Account No.:- 1020062164900018 |
| Account No. for Bid Security Deposit | Name of Office: shree kali janjyoti Rastriya Aadharbhut Vidhalaya Name of Bank:- NMB Bank, Bateshwor Branch, Dhanusha, Dharauti (Deposite) Account No.:- 1020062164900018 |

1._Bidders shall submit their Bids e-copy only,For e-bidding visit PPMO's egp portal http://bolpatra.gov.np/egp and further information contact : shree kali janjyoti Rastriya AadharbhutVidhalayaDhanusha, ydvamit14@gmail.com,Contact No:-9819847006

2.If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

3.The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so over.

**Headmaster**

# चेपाङ बस्तीमा स्वास्थ्य शिविर

**रासस**
**दमौली ।**
व्यास नगरपालिका–११ राम्चेस्थित चेपाङ बस्तीमा रोटर्याक्ट क्लब अफ दमौलीले स्वास्थ्य शिविर सञ्चालन गरेको छ । स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका चेपाङ जातिलाई लक्षित गरी क्लबले शनिबार निःशुल्क स्वास्थ्य शिविर गरेको हो ।

शिविरमा समाधान हस्पिटल प्रालि, दमौली आँखा अस्पताल, 'ए' वान डेन्टल क्लिनिक, व्यास डाइग्नोष्टिक प्रालि र रोट¥याक्ट त्रिभुवन विश्वविद्यालयको प्राविधिक सहयोग थियो । स्वास्थ्यको सहज पहुँचबाट टाढा रहेका दुर्गम बस्तीमा हरेक वर्ष स्वास्थ्य शिविर आयोजना गर्ने योजना अनुसार रोटर्याक्टले दुर्गम चेपाङ बस्तीमा निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेको क्लबका अध्यक्ष अनुज विमलीले जानकारी दिए । शिविरबाट चेपाङ बस्तीका एक सय १२ जना लाभाविन्त भएका छन् ।

सो अवसरमा जनरल फिजिसियन, आँखा रोग विशेषज्ञ र दाँतसम्बन्धी विशेषज्ञबाट सेवा प्रदान गरिएको थियो । शिविरमा स्वास्थ्यपरीक्षणका साथै निःशुल्क औषधि प्रदान गरिएको थियो भने निःशुल्क मधुमेह परीक्षण र रक्तसमूह पहिचान गरिएको विमलीले जानकारी दिए । क्लबले एक घर, एक फस्ट एड किट अभियान अन्तर्गत ४६ परिवारलाई प्राथमिक उपचार सामग्री हस्तान्तरण गरिएको क्लबका सचिव उमेश पौडेलले जानकारी दिए । शिविरमा व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले चेपाङ समुदाय चेतनाकोस्तरमा धेरै पछाडि रहेकाले उनीहरुको स्वास्थ्य, शिक्षा लगायतका आधारभूत आवश्यकतामा पहुँच बढाउन सहयोग गर्ने बताए ।

# सरकारी शुल्कमा निजीमा क्यान्सर उपचार




**रासस**
**चितवन ।**
चितवन मेडिकल कलेजले सञ्चालनमा ल्याएको 'सिएमसी क्यान्सर इन्स्टिच्यूट'ले सरकारले तोकेको शुल्कमै क्यान्सरको उपचार गर्दै आएको छ । अस्पतालले सरकारले तय गरेको सरकारी शुल्कमै सबै खालका उपचार, परीक्षण र रेडियोथेरापी लगायतका सेवा दिएको हो । इन्स्टिच्यूटका रेडिएसन अङ्कोलोजिष्ट डा सुवास ठाकुरका अनुसार अस्पतालमा ब्राकी थेरापी, रेडिएसन, केमो थेरापी र शल्यक्रिया सेवा उपलब्ध छन् । यी सबै सेवा नेपाल सरकारले तोकेको शुल्कमा गरिँदै आएको ठाकुरले बताए । इन्स्टिच्युटमा क्यान्सरका बहिरङ सेवा, अन्तरङ्ग सेवा, रेडियोथेरापी, केमो थेरापी, ब्राकी थेरापीलगायतका सेवा रहेका छन् ।

दैनिक एक सय जनासम्मलाई रेडियसन (सेक्रे) सेवा दिन सकिने गरी रेडिएसन लिन्याक एक्सिलेरेटर जडान गरिएको उनको भनाइ छ । डा ठाकुरले भने, 'हामीकहाँ रेडियोथेरापीलगायत कुनै पनि उपचार र परीक्षणका लागि पालो कुर्नुपर्ने झन्झट हुँदैन ।'

महिनौँ पालो पर्खनुपर्दा क्यान्सर झन फैलिनसक्ने भन्दै उनले पत्ता लागेपछि नियमित उपचारमा लैजाने बताए । उनले थपे, 'रेडियोथेरापी गर्नुपरे आज योजना बनाएर भोलि नै गरिहाल्छौँ ।' उनले एक/दुई महिनाअघि गरेको योजनाका आधारमा रेडियो थेरापी गर्दा योजनाभन्दा अन्यत्र क्यान्सर फैलिनसक्ने खतरा रहने बताए । क्यान्सर इन्स्टिच्युटमा भारत, अमेरिका र चीनमा क्यान्सर उपचारमा काम गरेका अनुभवी विशेषज्ञ चिकित्सक रहेको अस्पतालका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटाले बताए । रेडियसनसँगै ब्राकी थेरापी, स्पेक्ट सिटी स्क्यान, बोनम्यारो प्रत्यारोपण, बाल क्यान्सरको उपचारसहित सबै खालका क्यान्सरको उपचारका लागि आवश्यक अत्याधुनिक उपकरण ल्याइसकिएको उनले जानकारी दिए । अस्पतालमा एमआरआई, सिटीस्क्यान, मेमोग्राम, स्पेक्टसिटी, बोन स्क्यानर, इण्डोस्कोपी, भिडियो एक्सरे, एक्सरे, ईसिजि, क्याथल्याब, ए ग्रेडको प्रयोगशाला, आईसियू, एनआईसियू, सिसियू रहेका छन् ।

यहाँ बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा नेपाल र भारतका सीमा क्षेत्रबाट बिरामी आउने गर्दछन् । बिरामीको उच्च चापका कारण पालो कुर्नुपर्ने हुन्छ । पालो नपाएर राजधानी काठमाडौँ र भारतलगायतका देशमा पुग्नुपर्ने बाध्यता रहेका बिरामी निजी क्षेत्रमा यही उपचार पाएका हुन् ।

# विशेषज्ञ स्वास्थ्य सेवाका लागि सहकार्य

**रासस**
**बाँके ।**
पश्चिम नेपालमा विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न नेपालगञ्ज मेडिकल कलेजले भारतको लखनउस्थित अपोलो मेडिक्स अस्पतालसँग सहकार्य सुरु गरेको छ । केही निःशुल्क उपचार सेवा, विभागीय विषयका सेमिनार तथा अस्पतालमा कार्यरत चिकित्सकसँग अन्तक्रि्रया गरी बिरामीको स्वास्थ्य सेवामा गुणस्तरीय सेवा प्रदान गर्न यो सहकार्यले सहजता मिल्ने विश्वास लिएको शिक्षण अस्पताल नेपालगञ्जका सहायक निर्देशक डा नितेशकुमार कनोडियाले बताए ।

'अस्पतालले अपोलो मेडिक्ससँगको सहकार्यमा बिरामीलाई विशेषज्ञ सेवा क्यान्सर रोग, आइभीएफ सेवा, मुटुरोग, मुटुको शल्यक्रिया, प्लास्टिक सर्जरी सेवा, क्यान्सर सर्जरी प्रदान गर्नेछ' उनले भने, 'शिक्षण अस्पताल, नेपालगञ्जमा प्रत्येक शनिबार सञ्चालन हुने ओपिडी सेवा निःशुल्क प्रदान गरिने र अन्य सेवामा सामान्य शुल्क लाग्ने व्यवस्था गरिएको छ ।'

नेपालगञ्ज मेडिकल कलेजले अपोलोसँग अस्पतालमा कार्यरत चिकित्सकसँग अन्तक्रि्रया गरी चिकित्सा शिक्षामा प्राज्ञिक स्तरोन्नति गरिने सम्झौता गरेको छ । नेपालगञ्ज मेडिकल कलेजका कर्मचारी र चिकित्सकहरूले अपोलो अस्पतालद्वारा आयोजित विभिन्न शैक्षिक कार्यक्रम, फेलोसिप,अन्य प्रशिक्षणमा प्राथमिकता र छुट पाउने जानकारी दिइएको छ । अस्पतालका प्रबन्ध निर्देशक डा सुरेशकुमार कनोडियाले यो सहकार्यले बिरामीले निःशुल्क विशेषज्ञ परामर्श उपचारको सेवा आफ्नै सहरमा पाउने विश्वास लिएको बताए । उनले यस क्षेत्रमै सम्भव नहुने उपचार सेवाका लागि मात्र बिरामीलाई प्रेषण गरिने उल्लेख गरे ।

अपोलो मेडिक्स अस्पताल लखनउका प्रबन्ध निर्देशक डा मयङ्क सोमानीले नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पतालसँग सहकार्य गर्न पाउँदा आफूहरू खुसी भएको प्रतिक्रिया दिए । टिम मिलेर काम गर्दा बिरामीले गुणस्तरीय सेवा पाउने भन्दै उहाँले यो सहकार्यलाई फलदायी बनाउन आग्रह गरे । नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले यो सहकार्यले पश्चिम नेपालका बिरामीले आफ्नै सहरमा सहजरूपमा विशेषज्ञ सेवा पाउने विश्वास व्यक्त गरे ।

# वन कर्मचारीसहित सशस्त्रको टोली सामुदायिक वनमा



**एसपी गौरब**
**सर्लाही ।**
सर्लाहीका सामुदायिक तथा साझेदारी वन समूहहरुको वन क्षेत्रमा वनका कर्माचारीसहित सशस्त्र प्रहरीको टोलीले संयुक्त गस्ती सुरु गरेको छ । सर्लाहीमा रहेका छ वटा सव डिभिजन वन कार्यालयहरु मध्य सामुदायिक तथा साझेदारी वन समूहहरु रहेका पाँच वटा सव डिभिजन वन कार्यालयहरु मातहत रहेका सामुदायिक तथा साझेदारी वन समूहहरुका वन क्षेत्रमा हुने वनजन्य पदार्थहरुका साथै वन्यजन्तुहरुको चोरी तस्करी तथा सिकारी नियन्त्रण गर्न भन्दै संयुक्त गस्ती सुरु गरिएको डिभिजन वन कार्यालय सर्लाहीका प्रमुख एवम डिभिजन वन अधिकृत मन्जुर अहमद्ले जानकारी दिए । उनका अनुसार चुरे क्षेत्र आसपासका सामुदायिक वन समूहहरुका साथै तीन वटै साझेदारी वन क्षेत्रमा वन कार्यालयका कर्मचारीसहित सशस्त्र प्रहरीको टोलीले गस्ती सुरु गरेको हो ।
पहिलाको तुलनामा अहिले सामुदायिक तथा साझेदारी वन समूहहरुको वन क्षेत्रमा चोरी तस्करी निकै कम भएको र सामुदायिक वन उपभोक्ता समूहहरु पनि सक्रिय रहेका सव डिभिजन वन कार्यालय लालबन्दीका प्रमुख एवम सहायक वन अधिकृत सुभाष साहले बताए । वनजन्य पदार्थहरुका साथै वन्यजन्तुहरुको चोरी तस्करी तथा सिकारी पूर्ण रुपमा बन्द गर्न आफूहरु रात दिन लागि रहेको र साथमा सशस्त्र प्रहरीको टोली पनि थपिएपछि झन सक्रियताका साथ वन गस्ती गर्न सुरु गरिएको सव डिभिजन वन कार्यालय लालबन्दीका प्रमुख एवम सहायक वन अधिकृत साहले बताए ।
डिभिजन वन कार्यालय सर्लाहीमा प्रमुख भएर डिभिजन वन अधिकृत मन्जुर अहमद् आएपछि वनजन्य पदार्थहरुका साथै वन्यजन्तुको चोरी तस्करीका घटनाहरुमा कमि आएको डिभिजन वन कार्यालय सर्लाहीले जनाएको छ । डिभिजन वन अधिकृत अहमद्को सर्लाही आगमनसंगै जिल्लामा लामो समयदेखि निस्क्रिय रहेका सामुदायिक तथा साझेदारी वन समूहहरु पनि सक्रिय हुन थालेका छन् ।
जिल्लाका रहेका ८३ वटा सामुदायिक वन उपभोक्ता समूहहरु मध्य करिब ६० वटा सामुदायिक वन समूहहरुले वार्षिक कार्ययोजना बनाउने, लेखापरीक्षण गर्ने र साधारण सभा गर्ने काम गरि सकेका डिभिजन वन कार्यालय सर्लाहीका सूचना अधिकारी राकेश रन्जन दासले जानकारी दिए ।
उनका अनुसार जिल्लामा रहेका तीन वटा साझोदारी वन व्यावस्थापन समूहहरु मध्य दुई वटाको नयाँ समितिसमेत चयन भइसकेको छ भने एउटाको नयाँ समिति केही दिनमै चयन हुने छ ।
जानकी नगर साझेदारी वन व्यावस्थापन समूह र लालबन्दी साझेदारी वन व्यावस्थापन समूहको नयाँ कार्यसमिति चयन भइसकेको र फुलजोर बाबा साझेदारी वन व्यावस्थापन समूह अन्र्तगत रहेको एउटा वडाबाट प्रतिनिधि चयन भएर आउन बाँकी रहेका कारण नयाँ कार्यसमिति चयन हुन बाँकी रहेको डिभिजन वन कार्यालय सर्लाहीले जनाएको छ ।
त्यसैगरी, बाँकी रहेका सामुदायिक वन उपभोक्ता समूहहरुको पनि धमाधम वार्षिक कार्ययोजना निर्माण भई रहेको छ भने वार्षिक लेखापरीक्षण  र साधारण सभा गर्ने तयारी पनि गरि रहेका डिभिजन वन कार्यालय सर्लाहीले जनाएको छ । साथै जिल्लामा रहेका ९१ वटै निजी वन व्यवस्थापनको काम भइरहेको वन कार्यालय सर्लाहीले जनाएको छ ।

# च्यारिटीका लागि क्रिकेट प्रतियोगिताको सुरु

**मधेशद्दष्टि**
**वीरगंज ।**
वीरगंजमा च्यारिटीका लागि क्रिकेट प्रतियोगिताको सुरु भएको छ । समृद्धि नेपाल फाउण्डेशन र सान्भी फाउण्डेशन अफ नेपालको सयुँक्त आयोजनामा आइतबार एक कार्यक्रमका बीच क्रिकेट प्रतियोगीता सुरु भएको हो । प्रतियोगितामा वीरगंज सामाजिक संस्था महासंघमा आवद्ध ९ वटा समूहले सहभागिता जनाएका छन । आइतबारको उद्घाटन खेलमा रामगढवा एकता युवा क्लबलाई १३ रनले पराजित गर्दै अपन राधेमाई युवा क्लब विजयी भएको छ ।
टस जितेर रामगढवा एकता युवा क्लबले फिल्डिङ् रोजेपछि ब्याटिङ् गरेको अपन राधेमाई युवा क्लबले निर्धारित १५ ओभरमा ८ विकेटको क्षतीमा एक सय १२ रनको योगफल तयार पारेको थियो । एक सय १३ रनको लक्ष्य पछ्याएको रामगढवा युवा क्लब १३.२ ओभरमै सबै विकेट गुमाएर ९९ रनमै समेटिएपछि रामगढवा एकता क्लव विजयी भएको थियो ।
टी फिफ्टीन च्यारिटी क्रिकेट टुर्नामेन्टको उद्घाटन पर्सा क्रिकेट संघका अध्यक्ष मनिष सिंहले गरेका थिए । सान्भी फाउण्डेशन अफ नेपालकी अध्यक्ष सानु गुप्ताको अध्यक्षतामा भएको प्रतियोगीताको उद्घाटन समारोहमा जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सर्राफ, सामाजिक अभियानता दिलिपराज कार्की, जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक भाष्कर खतिवडा लगायतको उपस्थिति रहेको थियो ।

# ‘राजेश्वर नेपाली कर्मवीर पुरस्कार’ घोषणा



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
महामना राजेश्वर नेपालीको नाममा ‘राजेश्वर नेपाली कर्मवीर पुरस्कार’ घोषणा गरेको छ । पत्रपत्रिका प्रकाशकहरुको सामूहिक सङ्गठन ‘प्रकाशक महासंघ नेपाल’को वार्षिक साधारणसभाले  महामना राजेश्वर नेपालीको नाममा पुरस्कारको घोषणा गरेको हो । महासंघका अध्यक्ष शंकर साहको अध्यक्षतामा शनिबार साँझ कार्यक्रम आयोजना गरिएको हो । प्रेस स्वतन्त्रता सेनानी तथा ‘लोकमत पत्रिका’का प्रकाशक/सम्पादक नेपालीको योगदानको स्मरणमा महासंघले उनको नाममा ‘राजेश्वर नेपाली कर्मवीर पुरस्कार’ प्रदान गर्न लागेको हो ।
वार्षिक बैठकले कार्यसमितिको विस्तार र पुनर्गठन गरेको छ । शंकर साह पुनः अध्यक्षमा चयन भएका छन् । त्यस्तै, महासचिवमा पनि उपेन्द्र भगत नागवंशी पुनः चयन भएका छन् । उपाध्यक्षमा कमल साह, कोषाध्यक्षमा ललनकुमार साह, वरिष्ठ संवाददाता अशोक रौनियार, अकुलप्रसाद साह र सदस्यमा कुर्मुर नागवंशीको चयन गरेको छ ।

# बिआरआई ऋणलाई अनुदानमा परिणत गर्न प्रदर्शन



**मधेशद्दष्टि**
**वीरगंज ।**
चिनिया महत्वाकांक्षी परियोजनाका रुपमा रहेको बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआइ) परियोजना मुलुकको लागि ऋणजाल भएको भन्दै पोखरामा प्रदर्शन गरिएको छ । राष्ट्रिय एकता अभियान, पोखराले ऋणमुक्त र स्वाधीन पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको लागि आइतबार पोखरामा सचेतना र्याली निकाल्दै प्रदर्शन गरेको हो ।
पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको चिनिया ऋण अनुदानमा परिणत मागसहित निकालिएको र्याली पोखराको सभागृह अगाडिबाट सुरु भइ नगरपरिक्रमा गरी पृथ्वीचोकमा पुगेर कोणसभामा परिणत भएको थियो । अभियानका केन्द्रीय सदस्य ईश्वर लामाको नेतृत्वमा गरिएको बिरोध प्रदर्शनमा पोखरा विमानस्थललाई ऋणजालबाट मुक्त गर, विमानस्थल पूर्णरुपले संचालन गर, राष्ट्रिय स्वाधीनताको रक्षा गर, बिआरआई ऋणलाई अनुदानमा परिणतलगायतका नारा लगाइएको थियो ।
कोणसभालाई सम्बोधन गर्दै अभियानका केन्द्रीय संयोजक विनय यादवले अप्रत्यासित रुपमा बढेको चिनिया सक्रियताले मुलुकको राष्ट्रिय स्वाधिनता खतरामा परेको आरोप लगाए । आर्थिक सहयोगको बहानामा देखिएको चिनको सक्रियता र सहयोग दुबैले नेपाल र नेपाली जनताको भविष्य खतरामा पर्ने जोखिम बढेको संयोजक यादवको भनाइ थियो । साथै, उनले चिनियाँ सेना पोखरा ल्याउने खेल भइरहेको आंशका गर्दै राष्ट्रिय स्वतन्त्रताको रक्षा गर्न अहिलेको आवश्यकता भएको जिकिर गरे ।
कोणसभालाई सम्बोधन गरेको अन्य वक्ताहरुले पनि राष्ट्रिय एकता, विकास र समृद्धिका लागि भनेर नेपालले चिनसँग गरेको बिआरआई सम्झौता तत्काल खारेजीको माग गरे । उनीहरुले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको व्ययभारबाट भविष्यमा मुलुकलाई ठूलो आर्थिक नोक्सानी हुने भन्दै अहिले नै सचेत हुन आग्रहसमेत गरे । साथै, तराई मधेशमा बढ्दो चिनिया सक्रियताका बारेमा मधेश सरकारका मन्त्रीलगायत सबै नेताहरु चनाखो हुनुपर्ने वक्ताहरुको भनाइ थियो ।

# ठोरीबाट बागमती प्रदेशको नाका खुलाउन पहल



**मधेशद्दष्टि**
**वीरगंज ।**
माडीका स्थानीयवासीले बागमती प्रदेशको नाकाको रुपमा ठोरी माडी नाका खुलाउनका लागि नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापालाई ध्यानाकर्षण गराएका छन् । पूर्वपश्चिम हुलाकी मार्ग संवाद यात्राका क्रममा वीरगंजबाट पर्साको ठोरी हुदै माडी पुगेका महामन्त्री थापालाई कांग्रेस माडी नगरसमितिले विभिन्न विषयमा ध्यानाकर्षण गराउने क्रममा माडीबाट सीमानाका खुलाउनका लागि पहलकदमी गरिदिन आग्रह गरेका हुन् । कांग्रेस चितवनका सभापति राजेश्वर खनालका अनुसार स्थानीय पार्टीको मागप्रति महामन्त्री थापाले आफू सकारात्मक रहेको भन्दै सम्बन्धित निकायमा पहलकदमी गर्ने प्रतवद्धता जनाएका छन् ।
ध्यानाकर्षणका क्रममा कांग्रेस माडी नगर सभापति कोमलनाथ भुसालले सिङ्गो बागमती प्रदेश सीमा नाकासँग नजोडिएको भन्दै यसबाट यहाँको विकासमा बाधा पुगेको बताए । दक्षिणमा भारत र उत्तरमा चिनसँगको सिमाना जोड्ने सडक यही माडी नगरपालिका क्षेत्र भएर जाने भएको हुँदा बागमती प्रदेश तथा सिङ्गो देशका लागि हितकर हुने र ठोरी नाका अविलम्ब सञ्चालन गर्नुपर्ने वा माडीबाटै वैकल्पिक मार्गको खोजी गरी सञ्चालनमा ल्याउनुपर्ने ध्यानाकर्षणपत्रमा उल्लेख छ ।
पर्साको ठोरीसँग भारतीय नाका जोडिएको छ, यद्यपि यो नियमित सञ्चालनमा छैन । यो क्षेत्र माडी नगरपालिकामा पार्ने भनिए पनि त्यसो हुन नसक्दा सिङ्गो प्रदेश भारतीय नाकासँग जोडिएको छैन । सो क्रममा नेपाली कांग्रेस माडी नगर समितिले यस क्षेत्रलाई पूर्ण सिञ्चित स्थानीय तह घोषणा गर्न, रामायण महाभारत सर्किट निर्माण गर्नेलगायतका विभिन्न दश बुँदे ध्यानाकर्षणपत्र समेत बुझाएको छ ।

# उद्योग वाणिज्य संघको टोलीले भेट्यो मुख्यमन्त्री



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामका चारजना सुनचाँदी व्यवसायीमाथि झुटा मुद्दा लगाएको भन्दै सुनचाँदी व्यवसायीले मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको ध्यानाकर्षण गराएका छन् । आइतबार जनकपुर उद्योगवाणिज्य संघको टोलीले जनकपुरधामका सुनचाँदी व्यवसायी बलराम ज्वेलर्सका बलराम साह र अरुण ज्वलेर्सका अरुण ठाकुर तथा कालीगढ भनिएका सिरहा मिर्चेयाको रोशनी ज्वलेर्सका अजय साह सुनार र सञ्जय साह सुनार झुटा मुद्दामा फसाइएको भन्दै त्यसमा संलग्न प्रहरी अधिकारी तथा कर्मचारीलाई कारबाहीको माग गरेका हुन् । सो अवसरमा ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री यादवले उक्त विषयमा प्रधानमन्त्री, संघीय मन्त्री र सरोकारवालासँग कुरा गर्ने बताएका छन् ।
जनकपुर उद्योगवाणिज्य संघले आइतबर आधा दिन जनकपुरधामका व्यापारिक प्रतिष्ठान बन्द गर्दै व्यापारीहरूको जुलुसहित जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जिल्ला प्रशासन कार्यालय धनुषा र प्रदेश प्रहरी कार्यालय जनकपुरधाममा ज्ञापनपत्र बुझाउने क्रममा व्यापारी प्रतिनिधिले मुख्यमन्त्री यादवलाई भेटेका हुन् ।
व्यापारी प्रतिनिधिमण्डलको नेतृत्व गरेका जनकपुर उद्योगवाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले मुख्यमन्त्रीलाई बुझाएको ज्ञापनपत्रमा सुनचाँदी व्यवसायीमाथि झुटा मुद्दा सिर्जना गरिएको दाबी गरिएको छ । ज्ञापनपत्रमा झुटा मुद्दा सिर्जना गर्ने धनुषा प्रहरीका उपरीक्षक मित्रबन्धु शर्मा र बन्दुक देखाई पक्राउ गर्ने प्रहरी दिपेन्द्रकुमार राजलाई तत्काल निलम्बन गरी झुटा मुद्दा सिर्जना गर्नेबारे छानबिनको माग गरिएको छ । साथै, राजस्व अनुसन्धान कार्यालय पथलैयाबाट दर्ता गरिएको झुटा मुद्दाको तत्कालै अनुसन्धान गरी बरामद गरिएका गहना र धरौटी रकम फिर्ता गर्न र कानुनसम्मत व्यापार व्यवसाय गर्न पाउने अधिकार प्रत्याभूत गरी शान्तिसुरक्षाको व्यवस्था कायम गर्न माग गरेका छन् ।







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन